


PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ कात्तिक २७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 13 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७७

## विद्युत् खपतबाट वार्षिक आठ करोड बढी राजस्व सङ्कलन

प्रस, निजगढ, २६ कात्तिक/

नेपाल विद्युत् प्राधिकरण उपवितरण केन्द्र निजगढले वार्षिक ८ करोडभन्दा बढी राजस्व सङ्कलन गर्दै आएको छ । उपवितरण केन्द्र निजगढले औद्योगिक ग्राहकसहित करीब आठ हजार ग्राहकले वार्षिक ९६ लाख युनिट विद्युत् खपत गरेबापत सो बराबरको रकम सङ्कलन गर्न सकेको हो ।

निजगढ नगरपालिकाभित्र वडा नं १ सिंगौलदेखि निजगढ हुँदै रतनपुर-डम्मरपुरसम्मका घरमा विद्युत् जडान भएका छन् । निजगढ ३३ र ११ केभी सबस्टेशनमा रौतहटको चन्द्रपुरबाट ३३ केभीको २१ किलोमिटर लामो लाइन रूट जङ्गलको भित्री भागबाट आएको छ। जसका कारण चैत-वैशाखमा हावाहुरी र असार-साउनमा पानी बढी पर्नाले रूख ढलेर विद्युत् लाइनमा पर्ने, बाँदर, चराचुरुङ्गी पनि पर्ने गर्दा विद्युत् सप्लाईमा पटक-पटक अवरोध हुने गरेको विद्युत् प्राधिकरण कार्यालय प्रशाखा निजगढका प्रमुख पुष्पेश्वरप्रसाद साहले बताए ।

दशैं, तिहार, छठ पर्वमा बढी विद्युत् खपत हुँदा सो समयमा विद्युत् आपूर्तिलाई सहज एवं सुचारु गर्न कर्मचारीहरू थप जिम्मेवार भएर खटेका थिए । कहिलेकाहीं ओभरलोड र ती समस्याका कारण विद्युत् अवरुद्ध हुने गरेकोसमेत उनले बताए । निजगढ उपवितरण केन्दबाट नगरभरिका वडाहरूमा तीनवटा फिडरमार्फत विद्युत् लाइन वितरण भइरहेको छ । फिडर नं १ मा ४२ किलोमिटर, फिडर नं २ मा १० किलोमिटर औद्योगिक फिडर र फिडर नं ३ मा २२ किलोमिटर ग्रामीण फिडर रहेको छ ।

फिडर नं १ बाट निजगढ बजारका विभिन्न स्थानदेखि सिंगौल हुँदै मकवानपुर र रौतहटका विभिन्न स्थानमा विद्युत् विस्तार गरिएको छ भने फिडर नं २ बाट निजगढ क्षेत्रभित्रका विभिन्न औद्योगिक ग्राहकलाई विद्युत् वितरण गरिएको छ । त्यसैगरी, फिडर नं ३ बाट निजगढ बजारका विभिन्न स्थानदेखि बागदेव, लाल, रतनपुर, डम्बरपुर हुँदै मकवानपुरको दक्षिणी र बाराको उत्तरी भेग चुरे क्षेत्र तथा आसपासका बस्तीमा विद्युत् वितरण गरिएको प्रशाखा निजगढका प्रमुख साहले बताए । उपवितरण केन्द्रबाट ३३ केभी लाइन जिल्लाको दक्षिणी भेग सिम्रौनगढ वितरण केन्द्रसम्म पुगेको छ ।



चाडपर्वमा पनि कार्यालयमा व्यस्त विद्युत् प्राधिकरण निजगढका प्रमुख पुष्पेश्वरप्रसाद साह । तस्वीरः जीतलाल श्रेष्ठ

३३ र ११ केभी सबस्टेशनमा आठ एमभिए क्षमताको एक थान ट्रान्सफर्मर जडान गरिएको छ। निजगढ नगर अन्य शहरका रूपमा बसोवासका लागि सुरक्षित, शान्त, स्वच्छ वातावरणीय स्थानसँगै शिक्षा क्षेत्रमा पनि फड्को मारिरहेको अवस्थामा वार्षिक ४०० देखि ५०० सम्म आवासीय पक्की घर निर्माण भइरहेको छ ।

त्यसमाथि पनि द्रुतमार्ग निर्माण, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्नपछि अझै यसको विकास तीव्रताका साथ जनसङ्ख्या बाक्लिने सम्भावना प्रबल छ । यस कुरालाई पनि मध्यनजर गर्दै विद्युत् आपूर्तिलाई ध्यानमा राख्नुपर्ने निजगढका प्रमुख सुरेशकुमार खनालले बताए । नगरप्रमुख खनालले यसका लागि सम्बन्धित निकायहरूमा पटक-पटक जानकारी गराइसकेको बताए ।

प्रयोगमा ल्याइएका मेशिनरी सामानहरू पुरानो र जीर्ण हुँदै गइरहेको त्यहाँ कार्यरत प्राविधिकहरूले बताए । अब कतिपय मेशिनलाई मर्मत गरेर मात्र चलाउन सकिने अवस्था छैन । नयाँ मेशिन जडान गर्नुपर्ने उनीहरूले बताए । अढाई दशकअघि निर्माण सम्पन्न भई सञ्चालनमा आएको उपवितरण केन्दको भवन जीर्ण बन्दै गएको छ । पक्की संरचना भएपनि कार्यालय र कर्मचारी बस्ने भवनको छत जीर्ण भई भत्किरहेको छ। कतिपय स्थानमा छतको ढलान खसेर फलामे डन्डी देखिएको छ।

उपकेन्द्रमा चन्द्रपुरदेखि २१ किलोमिटर लामो ३३ केभी लाइन आएको छ भने, हाल पिलुवा सबस्टेशनबाट पनि ३३ केभी लाइन ल्याउनका लागि गृहकार्य भइरहेको प्रमुख साहले बताए । उपकेन्द्रबाट ग्राहकहरूको बस्तीमा पुग्न १८ किलोमिटरसम्म टाढा पुग्नुपर्दछ । एउटा जीप छ तर सोको अवस्था पनि राम्रो छैन । सो जीपमा लाइन बनाउन सामान लिएर गएको बेला कैयौंपटक बाटैमा बिग्रिएर ढिलो हुने गरेको तीतो अनुभव प्राविधिकहरूको छ ।

साउनदेखि हालसम्म करीब २०० विद्युत् मिटरको माग गर्दै आवेदन परेको छ । देशभरका लागि ग्लोबल टेन्डर गरी मिटर आपूर्ति गर्नुपर्ने भएकोले काठमाडौं केन्द्रले विभिन्न कारणले टेन्डर आह्वान गर्न नसक्दा हालसम्म मिटर अभाव रहेको उपवितरण केन्द्र प्रमुख साहले बताए ।

अत्यन्तै आवश्यक पर्नेले पुरानो मिटर जडान गर्दै आएको र धेरैजसो ग्राहक नयाँ मिटरको पर्खाइमा रहेको कर्मचारी वासुदेव श्रेष्ठले बताए । ग्राहकले आवेदन दिएको बढीमा एक साताभित्र मिटर जडान गर्नुपर्ने भएपनि हाललाई समस्या भइरहेको उनले बताए ।

## पर्साको जनगणनामा ५७० जना गणक खटिए

प्रस, वीरगंज, २६ कात्तिक/




जनगणनामा संलग्न एकजना गणक । तस्वीरः प्रतीक

'मेरो गणना, मेरो सहभागिता' नाराका साथ बिहीवारदेखि राष्ट्रिय जनगणना २०७८ शुरू भएको छ । जनगणनाका लागि पर्सा जिल्लामा ५ सय ७० जना गणक खटाइएको जिल्ला जनगणना कार्यालय पर्साका जनगणना अधिकारी केशव ज्ञवालीले जानकारी दिए। कात्तिक २५ गतेदेखि शुरू भएको जनगणना मङ्सिर ९ गतेसम्म चल्नेछ । प्रभावकारीरूपमा जनगणना गर्नका लागि पर्सा जिल्लामा छवटा जनगणना कार्यालय स्थापना गरिएको छ ।

वीरगंज महानगरमा जिल्ला जनगणना कार्यालय पर्सा र महानगरको लागि परवानीपुरमा अर्को कार्यालय स्थापना गरिएको छ । त्यसैगरी, सखुवाप्रसौनी गाउँपालिकालाई समेत हेर्ने गरी पर्सागढी नगरपालिकामा कार्यालय स्थापना गरिएको छ । ठोरी, जगरनाथपुर, पटेर्वासुगौली र जीराभवानी गाउँपालिकाको लागि जीराभवानीको सेढवामा कार्यालय सञ्चालनमा आएको छ । धोबिनी, पकाहामैनपुर र छिपहरमाई गापाको लागि कालिकामाई गाउँपालिकाको मुडलीमा कार्यालय स्थापना गरिएको अधिकारी ज्ञवालीले बताए ।

जनगणनाको पहिलो चरणमा सुपरीवेक्षकले घर सङ्ख्या, परिवार सङ्ख्या, कृषि विवरण, आर्थिक गतिविधि, बैंक खाता आदिका बारेमा सामान्य विवरण सङ्कलन गरी घरको सूचीकरण गरिसकेको र सूचीकरणपश्चात् दोस्रो चरणको गणकले

(बाँकी पाँचौं पातामा)

## चाडबाड सकिएपछि ठोरीमा आन्तरिक र बाह्य पर्यटकको भीड

ओमप्रकाश चौधरी, सेढवा, २६ कात्तिक/



ठोरीको ठुटेपुलमा पर्यटकहरू ।

ठोरी गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भीड बढेको छ । लगातारको चाडबाडका कारण ठोरी गाउँपालिका-२ मा रहेका राईधारा, रानीवन, ठुटे खोला परिसर, सीतागुफा, अमृतधारा, गोले डाँडालगायतका स्थानमा पर्यटकहरू बिहीवार आएका थिए ।

दशैं, दीपावली र छठको बिहानीघाट सकिएसँगै आन्तरिक तथा बाह्य पर्यटकहरूको भीड बढेपछि यहाँका पसलेहरूलाई सेवा दिन समस्या भएको थियो । ठोरीमा ९० प्रतिशत भारतीय र १० प्रतिशत आन्तरिक पर्यटक भित्रिएका थिए ।

भारतको बिहार, पश्चिमी चम्पारण, बेतिया निवासी पूर्णिमा गुप्ताले लकडाउन र अहिले चाडपर्व सकिएगत्तै ठोरी घुमफिर गर्न आएको बताइन् । उनले ठोरीमा मासिकरूपमा घुमफिरका लागि आउने गरेको तर प्रतिकूल समयको कारण यसपटक आउन नसकेको र पर्व सकिएलगत्तै आएको बताइन् ।

उनले चीसो हावापानी तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको ठोरीमा आउँदा मन आनन्दित हुने प्रतिक्रिया दिइन् । सीमामा खटेका भारतीय सुरक्षा प्रशासनले चार चक्के गाडी आउन नदिंदा पारि नै सवारी पार्किङ गरी तीन किलोमिटर पैदल हिंडेर आएको गुप्ताले बताइन् ।

भिखनाठोरीमा सयौंको सङ्ख्यामा भारतीय गाडीहरू पार्किङ गरेर उनीहरू ठोरी आएका थिए । मोटरसाइकलबाट आउने पर्यटकहरू चोर बाटो ठोरी छिरेका थिए ।

इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक ब्रह्मदेव साहले बिहान ११ बजेदेखि भारतीय पर्यटकहरूको भीड बढेको बताए । उनले बजार क्षेत्रमा सवारी ल्याउन निषेध गरिएको कारण पारि भिखनाठोरीमा गाडी राखेर पर्यटकहरू भित्रिएको जानकारी गराए ।

अङ्ग्रेजी र नेपाली नयाँ वर्षमा ठोरीमा पर्यटकहरू ठूलो सङ्ख्यामा आउने गर्छन् । यसपटक भारतमा लकडाउन सकिएको र चाडपर्वपछि मानिसहरू पिकनिक मनाउन ठोरी आएका हुन् । उनीहरूले खाजा, खाना लिएर आएका थिए र सडकको पेटी, रूखको मुनि रमाइलो गरेका थिए ।



वनभोजमा रमाउँदै पर्यटकहरू । तस्वीरः प्रतीक

ठोरी गापा-२ का अध्यक्ष किशोर तामाङले पर्सा जिल्लाकै पर्यटकीय गन्तव्य ठोरी रहे पनि प्रदेश सरकार र सङ्घीय सरकारले विकासका क्षेत्रमा नहेरेको बताए । यहाँ पिकनिक तथा घुमफिरका लागि सामान्य अवस्थामा दैनिक २५० जना पर्यटक आउने गरेको तामाङले बताए ।

## बारा र पर्सामा दुई पक्षबीच झडप

प्रस, परवानीपुर, २६ कात्तिक/

बाराको कलैयामा दुई पक्षको झगडालाई लिएर चक्काजाम गरिएको छ। शुक्रवार अपराह्न चार बजे कलैया-वीरगंज सडकखण्डको सिसहनिया चोकमा करीब एक घण्टा चक्काजाम भएको थियो । त्यसैगरी, कलैयाको भरतचोकमा शुक्रवार केहीबेर प्रदर्शन भएको थियो ।

कलैया उपमहानगरपालिका-२५ को इनरबारी टोलमा दुई पक्षको झगडालाई लिएर सिर्जना भएको द्वन्द्वको कारण चक्काजाम गरिएको गाउँलेले बताएका थिए । गत छठको साँझ स्थानीय जादोलाल पण्डित र बकसिस मियाँका परिवारबीच सामान्य विवादबाट बढेको विवादका कारण एक पक्षले अर्को पक्षलाई कुटपिट गर्न जाने, घर तोडफोड गर्ने जस्ता काम भइरहेको थियो ।



सडकमा टायरबाली प्रदर्शन गर्दै प्रदर्शनकारी र झडपमा घाइते प्रदिप राम । तस्वीरः प्रतीक

गाउँमा भएको पञ्चायती पनि नमानेको कारण गाउँमा तनाव बढिरहेको छ । गाउँको झडपमा परी स्थानीय राधेश्याम पटेलको टाउको फुटेको छ। उनको अहिले वीरगंजस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ ।

यस विषयमा जिल्ला प्रहरी कार्यालय बारा मातहतको इलाका प्रहरी कार्यालय नौतन, प्रसौनीका प्रहरी निरीक्षक विन्देश्वर यादवले प्रदर्शनकारीलाई तितरवितर पारेर चक्काजाम हटाइसकेको बताए । उनले दुई दिनदेखि तनाव बढे तापनि अहिले अवस्था सामान्य

(बाँकी पाँचौं पातामा)

**गणना गर्ने अवधिः**
**कात्तिक २५ गतेदेखि**
**मङ्सिर ९ गतेसम्म ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार र सूक्तिहरू

**बालपन कति सुन्दर हुन्छ, त्यस बेला खेलौना नै जीवन हुन्छ, पछि जीवन नै खेलौना बन्दछ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# वीरगंज नयाँ सोचको उद्गम थलो

**वीरगंज सदाकालदेखि नेपाली परिवेशमा नयाँ सोचको उद्गम थलो रहेको छ । यो वीरगंजको इतिहासले स्थापित गरेको तथ्य हो । २००७ सालको राणाशासन उन्मूलनको आन्दोलन होस्, २०१७ सालको घोषणाको सङ्केत होस् वा ०६२–६३ को आन्दोलनमा एकजना महिलालाई जनघोषित राष्ट्रपति बनाएर होस्, वीरगंजले प्रायः नयाँ सोचको प्रतिनिधित्व गरेको छ। सारा मुलुक पञ्चायतविरुद्ध लागिरहँदा जनमत सङ्ग्रहमा मुलुकभरि नै सबैभन्दा बढी पञ्चायती पक्षमा मत दिने पनि यहीं ठाउँ/जिल्ला हो । पछिल्लोपटक भएको मधेसी आन्दोलनको त यो ऊर्जाभूमि नै बन्यो । त्यसैले होला, देशको सत्ताबाट विस्थापित भएपछि राजतन्त्रले पनि वीरगंजबाटै त्राण पाउने जमर्को गरेजस्तो लाग्छ । यस पालि मधेसको सर्वाधिक श्रद्धेय पर्व छठमा वीरगंजमैं आएर अवशिष्ट राजतन्त्रकी युवराज्ञीले जनतालाई मोहिनी लगाउने प्रयास गरिन् । निश्चय नै युवराज्ञीको स्वागत यहाँ धुमधामले भयो, धेरै उत्सुक नरनारी उनको दर्शन गर्न पनि पुगे, त्यसमा हिमानी शाहलाई हेर्ने रहर कति थियो र उनलाई स्थापित गराउने चाहना कति थियो, त्यसको नाप भने तत्काल देखिइहाल्ने अवस्था छैन ।**

**जे होस्, हिमानी शाहको वीरगंज भ्रमणले यहाँ नयाँ तरङ्ग भने ल्यायो । उनको आगमनपूर्व हेलिकप्टरबाट छरिएका पर्चाको चर्चा पनि चुलीमा रह्यो । उनका दर्शनार्थीहरूको लाम पनि बाक्लै थियो । भर्खरै राजधानीमा प्रधानमन्त्रीस्तरबाट पूर्व राजाको अभिभाषणबारे प्रतिक्रिया सेलाउन नपाउँदै पूर्व युवराज्ञीको वीरगंज भ्रमण निश्चय नै छठप्रति श्रद्धा देखाउने अभीष्टले भएको होइन । प्रजातन्त्रप्रदत्त अभिव्यक्ति स्वतन्त्रताजन्य समूहहरूको गतिविधिलाई आफ्नो हितमा सर्वाधिक उपयोग गर्ने शाह परिवारको रणनीति अन्तर्गत यो भ्रमण भएको हो भन्ने कुरामा सन्देह गर्ने कुनै ठाउँ छैन । मूल कुरा स्वतन्त्रताको हो । त्यसभन्दा पनि महत्त्वपूर्ण जनमत हो । जनताले हिजो आन्दोलनपछि आन्दोलन गऱ्यो, पायो शून्य । यसबाट स्वार्थजन्य अभीष्ट पूरा हुन्छ भन्ने सोच पाल्नु गलत होइन । किनभने जुन व्यवस्था आए पनि जनताको हात परेको खोक्रो आश्वासन मात्र हो । तर जनता भने खोक्रो भएको छैन, न भौतिकरूपमा, न मानसिकरूपमा नै । जनता जुझारु छ, चेतनशील भएको छ, उसले चेतनालाई नै प्राथमिकता दिनेछ ।**

**पूर्व युवराज्ञी हिमानी शाहको वीरगंज आगमनको अभीष्ट जे रहे पनि उनी यस नगरकी पाहुना हुन्, उनको यथायोग्य स्वागत र सम्मान हुनुपर्दथ्यो, त्यो वीरगंजवासीले गरे । यसै पनि व्यक्तिगतरूपमा हिमानी शाह कोमल, मृदुभाषी, हँसिली र सेवाकार्यमा समर्पित महिला हुन् । उनले आपत्मा परेका जनताको सेवामा अग्रसरता देखाउने गरेकी छन् । यो अलग कुरा हो, उनको यस कार्यले पर्याप्त समर्थन बटुल्न सकेन । किनकि उनको पृष्ठभूमि सामन्तशाही थियो । सत्तामा रहेको बेला यथाशक्य जनताको झाक्लो झार्ने काम उनको परिवारबाट भएको हो । उनका पति, पूर्व युवराजले त देशमात्र होइन, विदेशमा पनि नेपाली गरिमा झुकाउने काम गरेकै हुन् । तर ती सब कुराले हिमानीको कार्यलाई ओझेलमा पार्न सक्दैन । उनले आफ्नो संस्थामार्फत गरेको कामको नेपाली जनताले अवश्य पनि मूल्याङ्कन गर्नेछ, राजनीतिकरूपमा होइन, व्यक्तिका रूपमा । वीरगंजबाट राजनीतिक अभीष्ट होइन, उनको सेवा [redacted]र्ण सद्भाव प्राप्त हुनेछ ।**

# नेतामुखी राजनीतिले भ्रष्टाचार र दरिद्रता बढ्दैछ

स्वतन्त्र विचार



वैधनाथ श्रमजीवी

baidhnath2071@gmail.com

**समाजको चौतर्फी विकास गर्नको लागि राजनीति जनतामुखी हुनु जरुरी छ । नेतामुखी तथा भ्रष्टाचार, कमिशनमुखी राजनीतिले गर्दा नेपाली समाज प्राकृतिकरूपले समृद्ध भएपनि आर्थिकरूपले दरिद्रतातर्फ दिन प्रतिदिन अगाडि बढ्दै गएको कुरालाई सरोकारवालाहरूले गरी ... ।**

चाडपर्व कुनै पनि समाजको सामाजिक जीवन स्पष्टरूपमा बढ्दो ऐनाजस्तै हो । हाम्रो जस्तो बहुभाषीय र बहुजातीय समाज रहेको देशमा सांस्कृतिक विविधता हुनु स्वाभाविक हो । हाम्रो समाजमा प्रत्येक जातविशेषको पहिचानको रूपमा समेत चाडपर्व रहेको छ । समयसँगै देशमा हुँदै गएको राजनीतिक तथा आर्थिक परिवर्तनले समाजको प्रत्येक क्षेत्रमा प्रभाव पारेको हुन्छ । मुख्यत: उत्पादन प्रणालीमा आउने परिवर्तनले समाजभित्र बिस्तारै पुरानो संरचनाहरूलाई ध्वस्त गरिरहेको छ । यस्ता क्रमिक विकासका कुराहरू समाजभित्र सकारात्मक तथा नकारात्मक दुवै प्रकारका बहसलाई बढावा दिइरहेको हुन्छ । जस्तो कि सामन्ती उत्पादन प्रणालीले समाजभित्र प्रत्येक कुरामा ठूलो सानोको भेदलाई प्रमुखरूपमा उठाउने गरेको हुनाले छुवाछूत तथा जन व्यवस्था निकै बलियो रहेको देखिन्छ । सामन्तवादमा विकल्पको व्यवस्था नभएको हुनाले जेजस्तो छ, त्यसलाई मान्नैपर्ने बाध्यतात्मक व्यवस्था रहेको भेटिन्छ । सामन्तवादको लामो अभ्यासले गर्दा तल्लो जातजातिहरूलाई समेत आफूहरू तल्लो जात रहेको मनोवैज्ञानिक बलियोसँग रहेको हुन्छ । त्यसैगरी, ठूला जात भनिएकाहरूभित्रको मनोविज्ञान पनि हामी सबैभन्दा सर्वश्रेष्ठ हौं भन्ने दऱ्होसँग पलाएको हुन्छ । यस प्रकारको व्यवस्थाले समाजभित्रको सामाजिक विकासलाई नै अवरोध गरिरहेको हुन्छ । सामन्तवादलाई विस्थापित गर्न उसकै गर्भभित्र पूँजीवाद जन्मिने र पूँजीवादमा पूँजीको विकासमा जातपात व्यवस्थाले ठूलो बाधा अड्चन उत्पन्न गर्ने गरेकोले पूँजीवादी व्यवस्था स्वयम् सामन्तवादी संस्कृतिविरुद्ध उभिन्छ । तर सामन्तवादसमेत समाप्त नभइसकेको र दलाल पूँजीवाद सम्पूर्णरूपमा हाबी भएकोले सांस्कृतिक परिवर्तन गर्न गाऱ्हो भएको छ ।

भन्नको लागि हाम्रो देशमा थुप्रैचोटि राजनीतिक परिवर्तनहरू भएका छन् । २००७ सालदेखि २०६२/०६३ सम्मको सम्पूर्ण परिवर्तनको सार भन्नुपर्दा केवल सत्तामा बस्ने व्यक्तिहरू मात्र परिवर्तन भएका छन् । हिजो निरङ्कुश राजतन्त्र छँदा जुन किसिमको जनतामारा सरकारको नीति थियो, त्यस नीतिमा सत्ता संवैधानिक राजतन्त्रमा पुग्दा पनि खासै फरक देखिएन । ठीक त्यसैगरी संवैधानिक राजतन्त्रको समापन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बहाली हुँदासमेत सत्ताको जनतालाई शोषण गरेरै आफ्नो पेट भर्ने नीतिमा कुनै परिवर्तन देखिएको छैन । यस्तो अवस्थामा समय अनुसार जनचेतना कसरी र कसले परिवर्तन गरिदिने त ?

कुनै पनि देशमा जनताको सुख तथा देशको समृद्धिको अभिभारा सरकारले लिएको हुन्छ । सरकार त्यस देशको संविधानमा गरिएको निर्देश अनुसार चल्नुपर्ने हुन्छ । तर हाम्रो देशमा कुनै पनि पार्टीको सरकार आजसम्म जनताप्रति उत्तरदायी भएर चलेको देखिएन । सरकारमा जाने बित्तिकै कति छिटो धनकुबेर बन्ने भन्ने अदृश्य प्रतिस्पर्धामा सम्पूर्ण सरकारी संयन्त्र लागेको देखिन्छ । त्यो कुर्सीमा पहिले बहाल रहेकाहरूले के कति कमाए, त्योभन्दा आफूले बढी कसरी कमाउने त्यसबारेमा नै सम्पूर्ण ध्यान केन्द्रित गरिएको हुन्छ । सरकार चाहे वामको होस् वा काङ्ग्रेसको काम दुवैको एउटै हो, त्यो जनतामाथि करको भार थप्दै जाने । भ्रष्टाचार र कमिशनको ठूल्ठूलो खेल खेल्ने, सानो माछाहरूलाई अख्तियारको जालमा फसाउने तर ठूला माछाहरूसम्म कहिले पहुँच नबढाउने । यस्तो कार्यको हालसम्म निरन्तरता दिंदै आइएको छ । त्यसैले केवल व्यक्ति फेरिएर केही पनि उपलब्धि जनजीवनले महसूस गर्न सकेको छैन । यस्तोमा नेताहरूद्वारा राजनीतिक क्रान्ति सम्पन्न भइसक्यो भनेर पटक–पटक सार्वजनिक अभिव्यक्ति दिनुको औचित्य के त ? किन नेताहरू अब क्रान्ति सक्यो भन्छन् त ? साँच्चै क्रान्ति सकिएकै हो त ?

वास्तविकता नेताहरूले भनेजस्तो होइन । हिजोसम्मका सबै आन्दोलनले आन्दोलनकारीहरूलाई सत्तामा पुऱ्याएको हो । यसमा कुनै शङ्का छैन । यो सबैले देखेकै कुरा हो तर एउटा सत्य के पनि हो भने जनआन्दोलनहरूले नेताहरूलाई सत्तामा पुऱ्याउन सफल भए तापनि तिनै नेताहरू सत्तामा पुगेपछि हिजोको आफ्नो सम्पूर्ण नीति, कार्यक्रम, विचार, सिद्धान्त र व्यवहार त्यागिसकेका हुन्छन् । यस प्रकारले निरन्तररूपमा आजसम्म जनतालाई नेताहरूले पटक–पटक धोका दिएका हुनाले जनतामा कताकता सबै नेता, पार्टी कतै धोकेबाज नै हुन्छन् भन्ने नकारात्मक मनोविज्ञानको विकास हुन थालेको छ । यस्तो हुनु अस्वाभाविक पनि मान्न सकिन्न ।

हिजोसम्म जुन नेताहरू संसद्लाई बुर्जुवाहरूको षड्यन्त्रकारी स्थल भन्ने गर्थे, उनीहरूले संसद् भनेको खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने स्थल हो भनेर जनता तथा कार्यकर्ताहरूलाई पढाउने गर्थे, आज त्यही नेताहरू संसद्को टिकट नपाउँदा रुने मात्र नभएर पार्टी नै परित्याग गर्ने गरेका घटनाहरू सबै पार्टीमा देख्न पाइएको छ ।

आफूलाई महान् क्रान्तिकारी बताउने महान् कमरेडहरूले पार्टी नै आफ्नो स्वार्थ अर्थात् आफूले खोजेको भाग पार्टी तथा सरकारमा नपाउँदा पार्टी फुटाउने मात्र होइन कि एकअर्कोमा हिलो छ्यापाछ्याप गर्नसमेत पछि पर्दैनन् । सामान्य मानिसलाई भन्न लाज लाग्ने जस्ता गालीहरू एकअर्कालाई सार्वजनिकरूपमा दिएर आफूमैं गौरन्वावित हुने गरेका छन् ।

यस्ता नेताहरूबाट देशले के निकास पाउँला ? यी नेताहरू जो पटक–पटक सरकारमा गएका छन् र आफ्नो अक्षमताबाहेक केही प्रदर्शन गर्न सकेका छैनन् । तिनीहरू फेरि एकचोटी निर्वाचित भएर गएमा के नै गर्लान् ? यिनीहरूसँग देश र जनताको लागि केही गर्ने मानसिकता नै हुँदैन वा आजसम्म देखिएको छैन ।

नेपाली समाज अन्धविश्वासको अन्धकारमा रुमलिएको छ । जहाँ मानव समाज मङ्गल ग्रहमा पुग्ने कुरा गर्छ, त्यहीं हाम्रो देशमा बहुसङ्ख्यक मानिस अन्धविश्वासमा बाँचिरहेका छन् । उनीहरूलाई अझै पनि लाग्छ कि बोक्सी, टुनामुना, तन्त्रमन्त्र, धामी, झाँक्री, भूत, किचकिन्नी, प्रेतलगायतका मनोविकारयुक्त चिन्तनका पात्रहरू साँच्चिकै हुन्छन् भन्ने लागेको छ । हाम्रो सम्पूर्ण समाज एकातिर स्वर्ग, नर्क, भाग्य, देवता जस्ता काल्पनिक कुराको पछाडि भागिरहेको छ भने देश अझै पनि जातपात, छुवाछूत, दाइजो, बेरोजगार, गरीबी, अशिक्षा, कालोबजारी, मिसावट, भ्रष्टाचार आदिले आक्रान्त छ । तर यसतर्फ कसैको दृष्टि पुगेको देखिंदैन ।

यतिबेला कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबै विवादको शिकार छन् । विकास निर्माणको लागि छुट्याइएको बजेट कहिले खर्च गर्न सकिरहेको छैन । व्यवस्थापिकाको कार्यकाल भागबन्डा लगाउँदैमा बित्ने गरेको छ । कार्यपालिका भागबन्डाबाट प्रभावित भएपछि विकास निर्माण कसरी सम्भव होला । प्रधानमन्त्रीको विवाद पटक–पटक न्यायपालिकामा पुग्ने गर्छ । व्यवस्थापिकाबारेको निर्णय गर्न न्यायपालिका सचेत देखिन्छ तर देशको सीमा मिचेको, सुस्ता, महेशपुर, लिम्पियाधुरा, कालापानीलगायतका ठाउँमा भारतीय हैकमको उपस्थितिबारे किन कहिले कुनै मुद्दा न्यायपालिकामा पुग्दैन ? सरकार तथा पार्टीहरूलाई किन विपक्षी बनाइँदैन ।

समाजको चौतर्फी विकास गर्नको लागि राजनीति जनतामुखी हुनु जरुरी छ । नेतामुखी तथा भ्रष्टाचार, कमिशनमुखी राजनीतिले गर्दा नेपाली समाज प्राकृतिकरूपले समृद्ध भएपनि आर्थिकरूपले दरिद्रतातर्फ दिन प्रतिदिन अगाडि बढ्दै गएको कुरालाई सरोकारवालाहरूले आत्मसात् गरी यसतर्फ गम्भीरतापूर्वक विचार गर्न जरुरी छ ।

# रौतहट र बाराबाट गाँजासहित पाँचजना पक्राउ

प्रस, रौतहट, २६ कात्तिक/

रौतहटमा १८६ किलो गाँजा र ट्रकसहित दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मकवानपुरको थाहा नगरपालिका वडा नं १२ बस्ने वर्ष २५ को ट्रकचालक सुरेन्द्र गोले र सोही ठाउँका वर्ष १९ को रित्तम तामाङ रहेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।



रौतहटबाट गाँजासहित पक्राउ परेका दुईजना । तस्वीर: प्रतीक

जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले गौर नगरपालिका वडा नं ४ गढवाटोलस्थित शिवाङ्गी पेट्रोल पम्पअगाडि गौर–चपुर सडकखण्डमा रोकिराखेको ना.६ख ५९४३ नम्बरको आइशर ट्रक चेकजाँच गर्ने क्रममा उक्त ट्रकको चेसिसमा फल्स बटम बनाइ प्लास्टिकले बेरेको १२ पोकामा १८६ किलो लागूऔषध गाँजा फेला पारेको हो । उक्त गाँजा बरामद गरी ट्रक र दुईजनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**प्रस, जीतपुर/**

इलाका प्रहरी कार्यालय सिमराले १२ किलो गाँजासहित तीनजनालाई पक्राउ गरेको छ ।

मकवानपुर, राक्सीराङ गाउँपालिका–२ बस्ने २२ वर्षीय अखिल मोक्तान, २३ वर्षीय सुमन रुम्बा र १९ वर्षीय विजय थिङलाई टेडा सडकबाट पक्राउ गरिएको इप्रका सिमराका प्रनाउ मनोजीत कुँवरले बताए ।



जीतपुरमा गाँजासहित पक्राउ परेका युवाहरू । तस्वीर: प्रतीक

## मोटरसाइकल चोरी आरोपमा दुईजना युवक पक्राउ

प्रस, वीरगंज, २६ कात्तिक/

वडा प्रहरी कार्यालय श्रीपुरले मोटरसाइकल चोरीको आरोपमा दुईजना युवकलाई पक्राउ गरेको छ ।

कात्तिक २३ गते वीरगंज–१५ नेशनल मेडिकल कलेजमा पार्किङ गरिएको ना.२९प ६७३० नम्बरको मोटरसाइकल चोरी गरेको कसूरमा सोही स्थानका २१ वर्षीय सुरज सहनी र १९ वर्षीय सुजित सहनीलाई वप्रका श्रीपुरले पक्राउ गरेको जिप्रका पर्साले जनाएको छ । पक्राउ परेका दुईजनामाथि चोरीसम्बन्धी कसूरमा मुद्दा दायर गरिएको जिप्रका पर्साले जानकारी गराएको छ ।

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सामाचकवाको कथानक

कात्तिक महीनाको शुक्ल पक्षको द्वितीय तिथिदेखि पूर्णिमासम्म हिन्दू मधेसी समुदायका छोरी-बहिनीहरूको रात्रीकालीन उत्सव हो सामाचकवा। यसलाई लोक गीतिनाटक वा लोकसम्पदाको रूपमा लिइन्छ।

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**लोप हुँदै गएको यस उत्सवको कालक्रम तथा स्थान विशेषमा मान्यता वा प्रचलनमा केही पार्थक्य पाइनु स्वाभाविक मान्न सकिन्छ। यस लोकगाथाको प्रशस्त पौराणिक आधार रहेको छ। यस लोकगाथा र यसलाई पूर्णता दिने काम वर्तमान पुस्ताले निर्वाह गर्नुपर्नेछ।**

हुन त पहिले जुन उत्साहपूर्ण सहभागिता समाचकवामा हुन्थ्यो, त्यसको एउटा अंश पनि अहिले पाउन मुश्किल छ, यद्यपि ग्राम्य जीवनमा यसको अवशेष अद्यापि छ। यसले आफ्नो अस्तित्व बचाइराख्न सकेको छ। कहिलेसम्म यो ग्राम्य सम्पदाको रूपमा रहिरहन्छ, भविष्यले मात्र बताउला।



यस उत्सवको उद्भवको सम्बन्धमा अनेक किंवदन्ती र अनुमानहरू रहेका छन्। तर महाभारतसित यसको सम्बन्ध रहेको यसको कथानक तथा पात्रले गर्दा स्पष्ट हुन्छ।

सामाचकवा, सामा र चकवा दुई शब्दको संयोग हो। सामा नायिका हो भने चकवा नायक हो। ग्राम्य जीवनमा चखेवा-चखेवी चराको रूपमा पनि यसलाई लिइन्छ। अनि खिडरिच चरोलाई बहिनीको रूपमा मानिन्छ।

वृन्दावनका यदुवंशी राजा कृष्णकी पत्नी जाम्बवतीकी पुत्री हुन् सामा। सामा यस लोकनाटककी नायिका हुन्। राजदरबारकी राजकुमारी सामाको लालनपालन वृन्दावनके ऋषि आश्रममा भएको पाइन्छ। त्यहाँ सामाको सखा वा मित्र हुन्छन् चारू। चारूको अर्को नाम चकवा हो। सबैले चारूलाई चकवा भनेर सम्बोधन गर्दछन्। सामाका दाजु हुन् साम्ब।

सामा निकै सुन्दरी अर्थात् रूपवती हुन्छिन्। घरनजीकै ऋषि आश्रम छ। ऋषि आश्रममा बिहान, बेलुकी, दिउँसो र रात्रिमा पनि सामा गइरहन्छिन्। यसले गर्दा सामा र चारूको बाल्यकाल वृन्दावनका ऋषिको आश्रममा, महलमा, कदमको छाँयामा, फूलबारीमा खेल्दै बित्छ। बिस्तारै बित्दै गएको समयसँगै सामा र चारूमा शारीरिक परिवर्तन आउँछ। बाल्यकालको बालसुलभ प्रेममा गहिराइ मिसिन्छ।

चारू यदुवंशी हुन्। स्वभावैले चारू योद्धा पनि हुन्। उनमा वीरता र शौर्य छ। त्यस बेलाको एउटा चलन के पनि थियो भने जुन योद्धाले सफलतापूर्वक आफ्नो बहादुरी प्रदर्शन गरेर स्वयंवरमा सबैको मन जित्न वा शर्त पूरा गर्न सक्थ्यो, राजकन्याको गलामा माला पहिरिन पाउँथे। एकातिर सामा रूपवती र गुणवती थिइन् भने अर्कोतिर चारू सुगठित शरीरधारी शौर्यवान् तथा वीर थिए।

सामालाई भित्रभित्रै मन पराउने पात्र चूडक हो। चूडक सामालाई मन पराउने तर चारूलाई देख्न नचाहने पात्र हो। चारू त्यस बखत कृष्णको दाहिने हातको रूपमा काम गर्दथे। यसले गर्दा राजकाजमा उनको अहम् भूमिका थियो। जसलाई चूडक मन पराउँदैनथ्यो, उसलाई अनेक बहानामा सजाय दिलाउँथ्यो वा दिन्थ्यो।

एक दिन चूडकले मौका पारेर सामाको हात समात्छ। चूडकको नियत सामाले बुझेकी छिन्। चूडकको गालामा सामाले थप्पड दिन्छिन्। झापड खाएर अपमानित चूडक कृष्णसित सामाविरुद्ध अनेक कुरा गर्दै चारूसित प्रेम सम्बन्ध रहेको पनि बताउँछ। चारू र सामाको पवित्र प्रेममा नुन-खुर्सानी मिसाएर कृष्णलाई सुनाउँदा पनि कृष्णमा खासै उत्तेजना आएन। उमेर पुगेका अविवाहित युवकयुवतीबिच स्वच्छ प्रेमका पक्षपाती कृष्ण आफैं थिए।

सामाकी आमा जाम्बवती आफ्नी छोरीको विवाह राजदरबारमा गर्ने प्रयास पनि गर्छिन् तर राजा कृष्णलाई सामा र चारूको पवित्र प्रेमको ज्ञान थियो। यसै कारण छोरीलाई कुनै राजमहलको महारानी नबनाएर चारूको हृदयेश्वरी बनाउने निर्णय लिन्छन्। अन्तमा निकै धुमधामले सामा र चारूको विवाह हुन्छ। विवाहपछि पनि ऋषि-मुनिको आश्रममा स्वतन्त्र भएर घुम्ने क्रम चलिरहन्छ।

यस्तैमा एक दिन सामा ऋषिको आश्रमतिर गइरहेको चूडकले देख्छ। दुष्ट स्वभावको चूडकले सामाबारे कृष्णलाई नराम्रो कुरा सुनाउँछ।

रिसाएर कृष्ण सामालाई घर छोडेर ऋषिमुनिको आश्रममा गएको आरोपमा चरो बन्ने श्राप दिन्छन्। आफ्ना पिताको श्रापले सामा चरो बन्छिन्। पिताको श्रापलाई सामाले अपमान मानिन् तर झूटो कुरा लगाउने चूडकलाई चरो बनिसकेकी सामाले श्राप दिइन्- जुन झूटो मुखले तिमीले पिताजीलाई कुरा लगायौ, त्यसै मुखमा आइमाईले आगो झोस्नेछन्।

सामाको वियोग उनका पतिले सहन सक्दैनन्। चरो बनेकी सामाको खोजमा विक्षिप्त भएर चारू चारैतिर डुलिरहन्छन्। विह्वल चारूको शारीरिक अवस्था अत्यन्त दयनीय बन्दै गएको देखेर नारदमुनिको मनमा दया उम्रन्छ। ऋषि नारदको सल्लाह अनुसार चारू भगवान् महादेवको कठोर तपस्या गर्छन्। महादेवलाई खुशी पारेर चारू आफू पनि सामासित भेट्न चरो बन्न पाउने वरदान प्राप्त गर्छन्। यसै चरोको नाम चकवा हो। पत्नी तथा बालप्रेमिका सामासित सुखपूर्वक विचरण गर्न थाल्छन्।

यो कुरा जब सामाका दाजु साम्बले थाहा पाउँछन्, उनी निकै दुःखी हुन्छन्। आफ्नी एकमात्र बहिनी सामा र बहिनीज्वाइँ चारू (चकवा)लाई चरोजुनीबाट मुक्त गराउन भजन, कीर्तन, प्रार्थना, तपस्या तथा स्तुतिगान गर्दछन्। साम्बको तपस्याले भगवान् विष्णु खुशी हुन्छन्। भगवान विष्णुले साम्बलाई स्वर्गको सिंहासनको लोभ दिन्छन् तर साम्ब स्वीकार गर्दैनन्। सामा र चकवालाई पहिलेको रूपमा प्राप्त गर्नु नै त्रिभुवनको राज्य प्राप्त गर्नु सरह हो भन्ने कुरा साम्बले भगवान् विष्णुलाई बताउँछन्। त्यसपछि भगवान् विष्णु भन्दछन् - कात्तिक शुक्लपक्षको द्वितीया तिथिमा प्रसन्नचित भएर वृन्दावनका महिलाहरूले सामा-चकवाको, तिम्रो र चूडक तथा वृन्दावन एवं सप्तर्षिको प्रतिरूप बनाएर, त्यसलाई अनेक रङमा रङ्गाएर बाँसको छैंटीमा धूपदीपसहित दहीचिउराको भोग लगाएर तथा मूर्तिहरूलाई टाउको राखी गीत गाउँदै पूरा गाउँ घुमाउनू। यो क्रम पूर्णिमाको रातसम्म चलाइराख्नू र पूर्णिमाको राति मिष्ठान एवं अन्य विभिन्न परिकारद्वारा भाइलाई सन्तुष्ट बनाउँदै सबैले चूडकलाई जलाउने परम्परा बसाल्नू। जब पृथ्वीमा सबै महिला यसरी गर्न थाल्छन् तब तिम्रो बहिनी र बहिनीज्वाइँ फेरि मानव रूप धारण गर्नेछन्।

साम्बले आफ्ना नगरका सबै महिला तथा दिदीबहिनीलाई भगवान् विष्णुले भनेजस्तै गर्न आग्रह गर्दछन्। महिलाहरूले त्यसै बेलादेखि यो परम्परा अँगाल्दै आएका छन्। आशा छ एक दिन सामा र चारूको पुनर्मिलन मानवरूपमा हुनेछ।

बहिनीको लागि दाजुले गर्न सक्ने त्यागको अनुपम उदाहरणको रूपमा यस उत्सवलाई लिइन्छ।

लोप हुँदै गएको यस उत्सवको कालक्रम तथा स्थान विशेषमा मान्यता वा प्रचलनमा केही पार्थक्य पाइनु स्वाभाविक मान्न सकिन्छ। यस लोकगाथाको प्रशस्त
पौराणिक आधार रहेको छ। यस लोकगाथा र यसलाई पूर्णता दिने काम वर्तमान पुस्ताले निर्वाह गर्नुपर्नेछ।

# औषधि परीक्षण मुसाहरूमा नै किन ?

पृष्ठभूमि

कुनै पनि रोग लाग्नु आफैंमा राम्रो अवश्य पनि होइन।

विज्ञान-प्रविधिमा भएको विकास र प्रगतिले रोगलाई अत्यन्त सरल ढङ्गले निर्मूल पार्न उल्लेखनीय टेवा पुऱ्याएको छ, जुन नयाँ-नयाँ औषधिहरूको खोजले सम्भव गराएको ज्यादै भयावहदेखि साधारण रोगहरूबाट समेत मुक्ति पाउन प्रयोग हुने औषधिहरूको निर्माण (Drug Development) को लागि गरिने अनुसन्धान अत्यन्त लामो समय लाग्ने र खर्चिलो हुने गर्दछ।

वर्षौंदेखिको कडा मेहनत, अर्बौंको लगानी र बृहत् दिग्गज वैज्ञानिकहरूको सामूहिक अथक प्रयास र परीक्षणबाट मात्र नयाँ औषधि पत्ता लगाउन सम्भव हुन्छ। यसरी नयाँ औषधिको निर्माण भए तापनि सो औषधि १०० प्रतिशत सुरक्षित छ अथवा कुनै प्रकारको नकारात्मक असरहरू देखिंदैनन् भनेर किटान गर्न अझै पनि सकिंदैन। कुनै पनि रोगको औषधि बजारसम्म आइपुग्न विभिन्न प्रकारका परीक्षणको आवश्यकता पर्दछ। प्रयोगशालामा संश्लेषण (Synthesis) गरिएका औषधिहरू (Drug) को प्रभावकारिता मापन गर्नको लागि धेरै किसिमका परीक्षणहरूको आवश्यकता रहन्छ। त्यस प्रकारका परीक्षणहरूमध्येमा पहिलो गरिने in vivo assay, जसमा निर्माणाधीन औषधिहरूको जुन रोगसँग सम्बन्धित enzyme छ, त्यसका कोषहरू लिएर प्रयोगशालामा परीक्षण गर्ने गरिन्छ। यस assay बाट प्राप्त उत्कृष्ट नतीजालाई अर्को in vivo assay को लागि तयार गरिन्छ। in vivo assay भन्नाले बन्दै गरेका औषधिलाई जीवित प्राणीहरूमा परीक्षण गर्नु हो। धेरै प्रकारका प्राणीहरूलाई यस प्रकारको अनुसन्धानको लागि प्रयोग गर्ने गरिन्छ, जस्तैः मुसा, खरायो, बाँदर, कुकुर आदि। यी जीवहरूमध्येमा अनुसन्धानकर्ताहरूको पहिलो रोजाइमा मुसाहरू नै पर्ने गर्दछन्। किन औषधिहरू पहिले मुसाहरूमा नै परीक्षण गरिन्छ भन्ने प्रश्न सधैं खडा भइरहेका हुन्छन्। मुसा र मानिसहरूमा देखिने आणुवांशिक समानता मात्र नभए अन्य धेरै कारणले गर्दा मुसालाई वैज्ञानिकहरूले परीक्षणको क्रममा प्रयोग गर्ने गर्दछन्। केही महत्त्वपूर्ण कारण तल उल्लेख गरिएका छन्।

**१) आणुवांशिकरूपले समानता**

मानव प्राणी र मुसाहरू बाहिरीरूपले ज्यादै भिन्न देखिए तापनि आणुवांशिकरूपले धेरै कुरामा समानता पाइन्छ। यी दुई जीवमा रहेको प्रोटिन कोडिङ जीनहरू ८५ प्रतिशतभन्दा बढी र ननकोडिङ जीन ५० प्रतिशतसम्म समान रहेको पाइन्छ। यसरी मानव प्राणीहरूसँग मिल्ने धेरै जीन भएकाले कुनै रोगको नयाँ औषधि मुसाहरूमा परीक्षण गर्दा औषधिले निम्त्याउने असरहरू जुन मुसाहरूमा देखिन्छ उस्तै प्रकारका असर वा फाइदा मानिसहरूमा पनि देखिन सक्ने भएकाले समस्याहरूलाई त्यही अनुरूपमा सावधान गर्न सहज हुन्छ। मानिसहरूसँगको समानताले गर्दा परीक्षणपश्चात् प्राप्त नतीजाहरू समान हुने भएकोले के कस्ता फाइदा र बेफाइदा हुन्छन्, सजिलै अड्कल गर्न सकिने हुन्छ र अनुसन्धान त्यही अनुरूप परिवर्तन गर्न सहज हुने हुनाले पनि मुसाहरू नै पहिलो रोजाइमा पर्न आउँछन्।


**२) आर्थिक मितव्यिताको कारण**

अन्य जीवहरू जस्तै खरायो, बाँदर, कुकुर आदि प्राणीहरूमा परीक्षण गर्दा जुन अनुपातले आर्थिक भार बेहोर्नुपर्छ, त्योभन्दा ज्यादै कममा मुसाहरूमा परीक्षण गर्न सकिन्छ।

मुसाहरूलाई खानपिन र व्यवस्थापन गर्न पनि कम खर्चमैं पर्याप्त हुन्छ। मुसाहरूलाई खरीद गर्दा लाग्ने रकम र अन्नहरू कम लाग्ने कारणले गर्दा आर्थिक भार कम पर्ने हो।

**३) व्यवस्थापन गर्न सकिने**

मुसाहरूको आकार र बनावट



अनुपातिकरूपमा अरू जनावरभन्दा सानो हुने भएको कारण मुसाहरूलाई सानै ठाउँमा पनि व्यवस्थापन गर्न सहज हुने देखिन्छ। त्यसैले ठूलो भवनको जरुरी हुँदैन, जसले गर्दा परीक्षण स्थल सजिलै मिलाउन सकिन्छ। परिणामस्वरूप, जुनसुकै सङ्घसंस्थाहरूले पनि मुसाहरूको परीक्षणका लागि प्रयोगशालाको निर्माण गर्न सक्छन्, जुन मुसाहरू नै रोज्नु एक प्रमुख कारण पनि हो।

**४) पालनपोषण गर्न सजिलो**

सानो प्रयोगशालामा पनि व्यवस्था गर्न सकिने, सानो बनावटले गर्दा सजिलै खोरहरू परिवर्तन गर्न सकिने र सानै आकारको खोरमा पनि राख्न मिल्ने भएकोले गर्दा मुसाहरू पहिलो रोजाइमा पर्ने गर्दछन्। परीक्षणको अवधिमा गरिने विभिन्न क्रियाकलापहरू जस्तै इन्जेक्शन दिंदा, तौल नाप्दा, चिरफार गर्दा कुनै अप्ठ्यारो अनुभव नहुने र अन्य सहयोगीको पनि खासै आवश्यकता नपर्ने हुन्छ। यिनीहरूको रेखदेखमा ठूलो चुनौतीसँग जुधिरहनुपर्दैन। मुसाहरूको आवाज अरू जनावरहरूको भन्दा सानो हुने हुनाले वरिपरिका स्थानहरूमा ध्वनि प्रदूषण नगर्ने र मुसाहरूबाट निस्कने फोहोरहरू कम हुने भएकाले पनि गर्दा मुसाहरूलाई अधिक मात्रामा अनुसन्धानको लागि प्रयोग गरिने एक मुख्य कारण हो।

**५) आणुवांशिक तवरले सजिलै परिवर्तन गर्न सकिने**

भन्दाभन्दै रोगको परीक्षणका निमित्त रोग अनुसारकै मुसाहरूको जीन परिवर्तन गरी विकास गरिनुपर्दछ। यसरी मुसाहरूको जन्म दिंदा आवश्यक जीनहरू थपिन्छ र अनावश्यक जीनहरूलाई हटाइन्छ। जसलाई आणुवांशिकरूपले परिवर्तित (genetically modified) मुसाहरू भनिन्छ। जीनहरू थपिने र झिकिने आधार आफूले अनुसन्धान गरिरहेको रोगको आधारमा गरिन्छ। मानिस र मुसाहरूमा धेरै कुरामा समानता भएकाले गर्दा आणुवांशिकरूपले परिवर्तित गर्दा आइपर्ने समस्याहरूलाई सजिलै निराकरण गर्न सकिन्छ। जीवनचक्रीय अवधि पनि मुसाहरूको कम भएकोले गर्दा जीनहरूमा परिवर्तन गरी चाँडै नतीजा प्राप्त हुने हुन्छ। शीघ्र परिणाम प्राप्त हुँदा विभिन्न रोगमा परीक्षण गर्न सजिलो हुने हुन्छ। उदाहरणको लागि क्यान्सर रोगको अनुसन्धानलाई लिन सकिन्छ। उक्त रोगको अध्ययन तथा अनुसन्धानका निमित्त शरीरभित्र ट्यूमरको विकास गर्नुपर्ने हुन्छ, जुन मुसाहरूमा सहजरूपले गर्न सकिने भएकोले गर्दा क्यान्सरको अनुसन्धानमा ठूलो मदत पुग्दछ। यसरी आफ्नो आवश्यकता अनुरूप मुसाहरूलाई सजिलै परिवर्तन गर्न सकिने भएको हुनाले प्रायः सबै प्रकारका रोगहरूको अनुसन्धानको लागि नै मुसाहरू पहिलो रोजाइमा पर्ने कारण पनि हो।

**६) जीवनचक्र छोटो र बच्चा जन्मदर चाँडो हुने**

सामान्यतयाः मुसाहरूले जन्मेको लगभग १० महीनाभित्रै बच्चा जन्माउन सक्ने भएकोले थोरै समयमा आफूलाई आवश्यक पर्ने सङ्ख्यामा उत्पादन गर्न कुनै गाह्रो हुँदैन। आफू जन्मेको छोटो अवधिमा बच्चाहरू जन्माउन सक्ने मुसाहरूमा गुण भएकोले अवश्य पनि जीवनचक्र अवधि लामो हुँदैन। मानिसहरूसँग जीवनचक्र तुलना गर्दा मुसाहरूको करीब ३० गुणा कम हुन्छ। यति छोटो जीवनचक्र अवधि भएकोले बूढो मानिसहरूमा देखा पर्ने रोगहरू पार्किन्सस, अल्जाइमर्स आदिको असरसम्बन्धी अनुसन्धान गर्न धेरै सजिलो हुन्छ।

**७) सजिलै उपलब्ध हुने भएकोले**

अन्य जनावरहरूको, जो औषधिहरूको परीक्षणको लागि प्रयोगमा छन्, तुलनामा मुसाहरूले छोटो समयमा नै बच्चाहरू जन्माउन सक्ने हुन्छन्। जसले गर्दा आवश्यक सङ्ख्यामा सुलभ तरीकाले खरीद गर्न सहज हुन्छ। यदि अन्य मुलुकबाट आयात गर्नुपरेमा पनि केही समस्याहरू देखिंदैन किनकि मुसाहरू साना आकारका हुने र ढुवानी गर्न सजिलो हुने भएकाले गर्दा अनुसन्धानकर्ताहरूको पहिलो छनोटमा मुसाहरू नै पर्ने गर्दछन्।

माथि उल्लिखित बुँदाहरूले मुसाहरूमा परीक्षण गर्न सजिलो हुनुको कारण व्याख्या गरे तापनि मुसाहरूको परीक्षणको क्रममा केही समस्याहरू अवश्य पनि सिर्जना हुन्छन्।

यिनीहरूका दाँत तीखो र टोक्नमा सिपालु हुने हुनाले अनुसन्धानको अवधिमा टोक्न सक्ने सम्भावना हुन्छ। अर्को हुन सक्ने सम्भावना मुसाहरू चाँडो दौड्ने भएकाले एकपटक दुर्भाग्यवश हातबाट उम्केमा समात्न मुश्किल हुन्छ। यदि मुसाहरूको सङ्ख्यामा अनुसन्धानको बीचमा कमी आएमा भइरहेको परीक्षणमा नकारात्मक असर पर्ने गर्दछ।

निश्चितरूपमा मुसा र मानिसहरूबीच धेरै पक्षबाट असमानता पनि छन्। मुसाहरू आकारमा मानिसभन्दा साना, रातिको समयमा क्रियाशील रहने र अन्य केही गुणहरूमा एकरूपता नभएको कारणले गर्दा जुन नतीजा औषधि

(बाँकी चौथो पातामा)


# द्रोण पर्व–५१



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

यतिबेला द्रोणाचार्यबाट कवच बाँध्न लगाएर दुर्योधन अर्जुनतिर गएको छ। अन्य अरू पनि कैंयन महारथी त्यहाँ पहिले नै पुगिसकेका छन्। त्यसैले तिमी पनि तत्कालै त्यहाँ जानुपर्छ। भीमसेन र हामीहरू सैनिकहरूसहित तम्तयार छौं। द्रोणाचार्यले यदि तिम्रो पिछा गरे भने हामीले उनलाई यही रोकिराख्नेछौं। हेर हाम्रो सेना सङ्ग्राम भूमिबाट भाग्न थालेको छ। रथी, घोडचढी र पैदल सेना यताउति भागिरहेकै कारणले भारैतिर बुङ्बुङ्ती धूलो उडिरहेको छ। लाग्दछ, अर्जुनलाई सैन्धववीरहरूले घेरामा पारिसकेका रहेछन्। यी जम्मै जयद्रथको रक्षा गर्नका खातिर आफ्नो प्राण त्याग्न पनि तयार छन्, त्यसैले यिनीहरूलाई परास्त नगरेसम्म जयद्रथलाई पनि जित्न सकिंदैन। आज महाबाहु अर्जुन एकाबिहानै कौरवसेनाभित्र प्रवेश गरेका थिए। अब दिन ओरालो लाग्दैछ, अबसम्म उनी जिउँदो पनि छन् कि छैनन् कुन्नि ? कोरवसेना समुद्र समान अपार छ, सङ्ग्राममा एकाकी देउताहरूले पनि यसको सामना गर्न सक्दैनन् क्यार ? यसमा अर्जुन एक्लैले प्रवेश गरेका छन्, त्यसकै ध्याउन्नले आज युद्ध गर्नामा मेरो बुद्धिले पनि काम गरिरहेको छैन। जगत्पति श्रीकृष्ण त अर्काको रक्षा गर्ने खालका हुन्। त्यसैले उनको लागि मेरा मनमा कुनै चिन्ता त छैन। म तिमीसित साचो भन्दैछु, यदि तिनै लोक एक साथ मिलेर पनि श्रीकृष्णासित लड्न आए पनि उनलाई सङ्ग्राममा जित्न सक्दैनन्, अनि त यस धृतराष्ट्रपुत्रको अत्यन्त बलहीन सेनाको त के कुरा ? तर अर्जुनमा यो कुरा भने छैन। उनलाई यदि धेरैजसो योद्धा मिलेर पीडा पुऱ्याए, उनले प्राण त्याग गरिदिनेछन्। अतः जुन मार्गबाट अर्जुन गएका छन्, तिमी पनि त्यसै बाटोबाट उनी समीप जाऊ। अचेल वृष्णीवंशी वीरहरूमध्ये तिमी र महाबाहु प्रद्युम्न–यी दुई मात्र अतिरथी मानिन्छन्। तिमी अस्त्र सञ्चालनमा साक्षात नारायणको समान, बलमा बलरामजीको समान र पराक्रममा स्वयम् अर्जुनको समान हौं। अतः यतिबेला म तिमीलाई



जुन काम सुम्पिरहेको छु, त्यसलाई पूर्ण गर। यतिबेला प्राणको मोहलाई त्याग गरेर युद्धभूमिमा निर्भय भई विचरण गर। बाबु, हेर, अर्जुन तिम्रो गुरु हुन् र श्रीकृष्ण तिम्रो र अर्जुन दुवैको पनि गुरु हुन्। यस कारणले पनि म तिमीलाई त्यहाँ जान आदेश गर्दैछु। तिमी मेरो अवज्ञा नगरिदिनु, किनकि म तिम्रो गुरुको पनि गुरु हुँ र यसमा म, श्रीकृष्ण र अर्जुनको पनि एउटै राय छ। त्यसैले मेरो आज्ञाको पालन गर्दै अर्जुनको समीप जाऊ।

धर्मराजको यस प्रेमयुक्त, मधुर, समयोचित र युक्तियुक्त कुरा सुनेर सात्यकिले भने– राजन्, तपाईंले अर्जुनको सहायताको लागि जुन न्याययुक्त कुरा भन्नुभयो, त्यो मैले सुनें। अर्जुनको लागि मलाई आफ्नो प्राण बचाउने अलिकति पनि लोभ छैन र तपाईंको आज्ञा भएपछि त यस सङ्ग्राम भूमिमा यस्तो कुन काम हुन सक्दछ, जसलाई मैले गर्न नसकूँ ? आज यस दुर्योधनको सेनासित मैले चारैतिरबाट युद्ध गरेर परास्त गरिदिनेछु। म कुशलपूर्वक अर्जुनको छेउमा पुगिहाल्नेछु र जयद्रथको वध भएपछि पुनः तपाईंको समीपमा आइपुग्नेछु तर मतिमान्, अर्जुन र श्रीकृष्णले मसित जुन कुरा भनेका छन्, त्यो पनि अवश्य तपाईंको सेवामा निवेदन गर्न चाहन्छु। अर्जुनले सम्पूर्ण सेनाको बीचमा श्रीकृष्णको सामु नै धेरै जोड दिएर भनेका थिए कि जयद्रथलाई मारेर न फर्कुन्जेलसम्म तिमी बडो सावधानीपूर्वक महाराजको रक्षा गर्नु। म तिमी र महारथी प्रद्युम्नमाथि नै महाराजको रक्षाको भार सुम्पेर निश्चिन्तिताबाट जयद्रथको छेउमा जान सक्दछु। तिमीले गुरु द्रोणाचार्यलाई जानेकै छौ। उनी कौरवपक्षका सबै वीरभन्दा श्रेष्ठ छन्। उनले धर्मराजलाई समात्ने प्रतिज्ञा गरिसकेका छन्, अतः उनी यसै ताकमा छन् र उनलाई समात्न सक्ने सामर्थ्य उनमा छँदैछ, तर सम्झिराख्नु यदि कुनै प्रकारले सत्यवादी युधिष्ठिर उनको फेला परिहाले भने हामी सबैलाई पुनः वनवासमा जानुपर्नेछ। त्यसैले आज तिमी विजय, कीर्ति र मेरो प्रसन्नताको लागि सङ्ग्राम भूमिमा महाराजको रक्षा गरिराख्नु। राजन्, यस प्रकार सव्यसाची पार्थले द्रोणाचार्यसित सधैं सशंक रहने भएको हुनाले तपाईंको रक्षाको भार मलाई सुम्पेका थिए। मलाई पनि सङ्ग्राम भूमिमा उनको सामना गर्ने प्रद्युम्नबाहेक अर्को कोही पनि देखा परिरहेको छैन। यदि आज कृष्णकुमार प्रद्युम्नजी यहाँ भएको भए म उनलाई तपाईंको रक्षाको भार सुम्पिदिन्थें र उनी अर्जुनकै समान तपाईंको रक्षा गर्न सक्थे, अब यदि म यहाँबाट गइहाले भने तपाईंको रक्षा कसले गर्नेछ। क्रमशः ...

# लभ इन वीरगंज



धारावाहिक नाटक

समीर पाख्रिन

सुशीला : गई तिम्री एकलौटी छोरी साथीहरूसित शहीद स्मारक घुम्न।

इमानसिंह : ए हो र ? अँ भाँडा राखेर चिया पका त खाउँ।

सुशीला : हे भगवान ! एक गिलास चिया खानु पनि घरमैं आउनुपर्छ ? एक गिलास चिया जाबो त जोसुकैले पनि खुवाउँछ है हवल्दार मान्छेलाई।

इमानसिंह : ज्यादा कुरा न गरी पका। बाहिरको चियामा तेरो हातको स्वाद पाइँदैन।

सुशीला : भो भो फुर्काउनुपर्दैन।

सुशीला गनगनिंदै उठ्छे र चिया पकाउन भान्सा कोठामा छिर्छे।

०००

समय : मध्याह्न। स्थान : पथलैया–हेटौंडा सडकखण्डस्थित ३ नम्बर पुलको रेस्टुरेन्ट। (उषा र बाइकवाला प्रीतम) आमनेसामने बसेर चीसो पिउँदै परिचय आदानप्रदान गर्दैछन्।

प्रीतम : बाई दी वे, परिचय गरौं न है ? म प्रीतम।

उषा : म उषा।

प्रीतम : परिवारमा को को हुनुहुन्छ ?

उषा : ममी, बा र म।

प्रीतम : अनि कुन स्कूल पढ्दै हुनुहुन्छ उषाजी ?

उषा : कुन स्कूल ? हाहाहा ... म ? (हाँस्छे)

प्रीतम : किन हाँसेकी ?

उषा : मलाई स्कूल पढ्ने फुच्ची जस्तो देख्नु'भो ? म त बिबिएस थर्ड इअरमा पढ्छु।

प्रीतम : (हाँस्दै) ओह ! सरी, म त भर्खर एसएलसी दिने फुच्ची पो भनेको। नरिसाउनोस् है। देखिंदैन त क्याम्पस पढ्ने जस्ती। आइ मिन् मैले त उषाजीलाई १६/१७ की पो ठानिरहेको थिएँ।

उषा : (मनमनै गदगद हुँदै) सबैजना झुक्किन्छन्। प्रीतमजी पनि झुक्किनु'भो। होइन त ? अब उठौं। (कुर्सीबाट उठ्दै)

प्रीतम : गइहाल्ने हो त ?

उषा : साथीहरूले पर्खिरहेका होलान्।

प्रीतम : ठीकै छ, जाऔं न त।

प्रीतमले बाइक स्टार्ट गर्छ र प्रस्थान गर्छ। प्रीतमले बाइक तीव्र गतिमा हाँक्न थालेपछि उषाले प्रीतमलाई पछाडिबाट दुवै हातले कम्मरमा बलियो गरी समात्छे। हावाको गतिमा गुडेको बाइक केही क्षणमा नै चुरियामाई, रातोमाटे, एजआइडी, कर्रा पुल हुँदै हेटौंडा मेनरोडमा पुगेर एउटा फेरि रेस्टुरेन्टअगाडि घ्याच्च रोकिन्छ।

उषा : (पसिनाले लतपत उषाले लामो–लामो श्वास लिंदै प्रीतमतिर लजालु नजरले हेर्छे अनि)

किन ... ? रोक्नु'भाको फेरि ? लेट भइसक्यो। साथीहरू पुगेर पर्खिरहेका होलान्।

प्रीतम : भोक लाग्यो के। अब त आइपुगिहाल्यो नि। नास्ता गरौं अनि जाउँला। चाउमिन, मोमो के खाने ?

उषा : म त चिकेन मोमो खाने।

प्रीतम : अनि, अरू के मगाउँ ?

उषा : कोक।

नजीकैको उभेको ठिटोलाई अर्डर दिन्छ।

प्रीतम : दुई ठाउँमा डबल चिकेन मोमो र दुईवटा कोक ल्याऊ।

अनि उषाजी, बाबा चाहिं के गर्नुहुन्छ ?

उषा : बाबा, पुलिसको हवल्दार।

प्रीतम : (तर्से जस्तो भावभङ्गीमा) ए ... ! हो र ?

यतिन्जेल दुवैले नास्ता गरिसकेका छन्। प्रीतमले खल्तीबाट फेरि चुरोट झिकेर सल्काउँछ।

उषा : छि ! यो प्रीतम दाइलाई चुरोट कति तान्नुपरेको।

प्रीतम : उषाजी, हामी साथी बन्न सक्तैनौं र ?

उषा : (केही क्षण सोचेर) सकिन्छ।

प्रीतम : त्यसो भए मलाई दाइ होइन, प्रीतम भने भइहाल्छ नि।

यत्ति नै बेला प्रीतमलाई घरबाट पत्नी रीताले फोन गर्छे।

रीता : (मोबाइलमा) स्मृतिको बाबा, तिमी अहिले कता ?

प्रीतम : (पत्नीचाहिंको नम्बर देख्ना साथै उषादेखि केही टाढा गएर सानो स्वरमा) हेलो रीता, म बाटोमा छु। हेर न, आउँदाआउँदै बाइक पन्चर भएकोले बनाउँदै छु। किन के भो ?

रीता : (मोबाइलमा) छोरीलाई फेरि ज्वरोले च्यापेको छ। अस्पताल लग्नुपर्ला जस्तो छ। खै, के गर्ने होला ?

प्रीतम : ल ल म बाइक बनेपछि सीधैं घर आउँछु। त्यतिन्जेल मेडिकल लगेर देखाऊ। म पनि आइपुग्छु। (फोन काट्छ र उषातिर हेरेर मुसुक्क हाँस्दै) मामा–माइज्यू आएका छन् रे। छिट्टो घर आउनु भन्दै छे बहिनीले। अँ साँच्चै, उषाजी तपाईंको मोबाइल नम्बर पाउँ न। यसो कहिलेकाहीं वीरगंज आउँदा भेट्न सजिलो हुन्छ। हुन्न त ?

उषा : (हिच्किचाउँदै) किन चाहियो र नम्बर ?

प्रीतम : नम्बर दिंदैमा के फरक पर्छ र ? साथी भएपछि विश्वास पनि त गर्नुपर्छ।

उषा : तपाईं म्यारिड कि अनम्यारिड प्रीतमजी ?

प्रीतम : म ? (हाँस्दै) किन, म बिहे गरेको जस्तो देख्छु र ?

उषा : तैपनि सोधेको। कतिपय केटा त बिहे गरेर पनि गरेको छुइनँ भनेर ढाँट्छन्। अनि यतिन्जेल बिहे किन नगर्नुभएको त ?

प्रीतम : खै, आफू सुहाउँदो राम्री, पढेलेखेकी केटी भेटिएन, नत्र गर्नुहुन्थ्यो।

उषा : अनि के गर्नुहुन्छ ? आइ मिन् के जब गर्नुहुन्छ ?

प्रीतम : म ? म जब होइन, ठेक्कापट्टा गर्छु। आफ्नै क्रसर उद्योग पनि छ।

उषा : ए हो र ? अनि घर परिवारमा को को हुनुहुन्छ त ?

क्रमशः

# टुक्राटुक्री

**अब थेग्दैन**

वीरगंज महानगरपालिकाको साँघुरो र जीर्ण मेनरोड र सहायक सडकहरूको खस्ताहालबारे बेला कुबेला चर्चा त भइरहन्छ, तर स्तरोन्नति हुँदैन। दशैं, तिहार र छठजस्ता ठूला चाडबाड र गनिमत छ कि अहिले चाडबाडको समयमा स्कूल, कलेजका बसहरू चलेका छैनन्। स्कूले नानी बोकेका बसहरूले बटुवा र नानीहरूलाई बचाउँदै दोहोरो सङ्कटको सामना गर्दै गाडी चलाउँछन्। यहाँको मेनरोड अत्यन्तै साँधुरो भएकोले



मन्तव्य

कुमार रुपाखेती

**दुई तिहाइको सरकारबाट विपक्षी बनेको ओलीको हबिगत छवटै प्रदेशमा देखिहाल्यौं। अब यी पाँच पाण्डवको हबिगत पनि ओपन सिक्रेट जस्तै त हो नि। जडचाहालाई जाँड लाग्दा मनलाग्दी बोलेझैं चुनाव लागेका यिनीहरू पनि जथाभावी बर्बराउँदै छन्।**

भीडभाडका बेला वीरगंजमा थुप्रै सानाठूला सडक दुर्घटना भए। वीर शम्शेरले बसाएको यो शहरमा कुनै बखत शहरको मेनरोडबाटै नेपाल रेलवेको रेलगाडी कुद्ने गर्दथ्यो। त्यतिखेर नै वीरगंजको एक नम्बर रोड सानो र साँघुरो भयो, दुर्घटनाको त्रास बढ्यो भन्दै वीरगंजको पूर्वपट्टि रेलवे लिक बिछ्याएर रक्सौल–वीरगंज रेल चलाउन थालिएको हो। तर मेनरोडबाट रेल चल्न छाडेपछि सडक विस्तारको साटो रेलवे लिकको खाली जग्गा धमाधम कब्जा गरी घर बनाउन थालियो र अहिलेको मेनरोड झन्झन् साँघुरिंदै गयो।

दशैं, तिहार र छठसम्म वीरगंज बजार गुलजार र भीडभाडमय रहन्छ। यो सिजनमा यहाँ सधैं मेलापातझैं ठेलमठेल रहन्छ, फूटपाथ अस्थायी पसलेहरूको कब्जामा रहन्छ, दुई पाङ्ग्रे सवारीसाधन यही भीडमा, जाममा रहन्छ। दुई पाङ्ग्रे, चार पाङ्ग्रे सवारीसाधन यही भीडमा जाममा रहन्छ, छाडा चौपायाहरू गाई, साढे, घोडा, सडकमैं विचरण गरिरहन्छन्। यस्तो ठेलमठेली र धक्कामुक्कीको वातावरण भएपनि यहाँको मेनरोडको साँघुरो सडकको एकापट्टि मोटरसाइकल स्टेन्ड बनाइँदा झनै भद्रगोल देखिन्छ। यहाँको गल्लीमार्का दुई नम्बर र तीन नम्बर रोड अचेल ईरिक्शाको जाम र अटेसमटेस देखिन्छ। बनारसको गल्लीभन्दा पनि बदत्तर हालत भएको थियो, वीरगंज महानगरको। प्रदेश २ को एकमात्र महानगका सडकहरूको भद्रगोल अवस्था र बटुवाहरूको बिचल्लि देख्दा जोसुकैले लजाउनुपर्ने अवस्था छ। केहीले त वीरगंजको मेनरोड फराकिलो नहुनुलाई नै विकास ठान्ने गरेको देखिन्छ। वीरगंजमा दिन दुना रात चौगुना हिसाबले सवारीसाधन बढेका छन् तर यहाँका सडकहरू फराकिलो हुनुको सट्टा खुम्चिंदै गएको देखिन्छ। घण्टाघरदेखि बिर्तासम्म बटुवा हिंड्ने पेटीमा बिजुलीको लठ्ठा विभिन्न केबलवालाहरूको भाँच्चिएर लटपटिएको तार, प्रचार सामग्री तथा आदर्शनगरतिर हरियालीको दुहाई दिंदै फूटपाथ भत्काएर तारबार र जाली हालेर वृक्षारोपण साथै दक्षिणबाट आएका भीखमाग्नेहरूको स्थायी आश्रय बनेका छन्, यहाँका फूटपाथहरू। यस्तो अवस्थामा विवश बटुवा सडकबाटै हिंड्छन्, जाम हुन्छ, दुर्घटना हुन्छ। ज्यान हत्केलामा राखेर सडक वारपार गरिन्छ। पहाडमा बरु तुइन चढेर खोला वारपार गर्न सजिलो होला, यहाँ त सडक पार गर्नु नै पहाड छ। कतिपयले भन्छन्– केही धनाढ्य र कालाबजारीयाहरूको व्यापार र महल जोगाउन वीरगंजको मेनरोडलाई बहुरुपियाँ बनाइएको छ। सडक विस्तारका बाधक यिनीहरूले नै वीरगंजलाई आर्थिक नगरी, नेपालको प्रवेशद्वार र औद्योगिक शहरको जामा भिराइ उपहास गरिरहन्छन्। यहाँको मेनरोड फराकिलो पार्ने जमर्को हुना साथ एउटा गिरोह (झुन्ड) विकल्प लिएर काठमाडौं–वीरगंज गर्न थालिहाल्छ। यस्तो खलनायकीमा स्थानीय नेता, व्यापारी, र तिनका दलालहरू सलबलाउन थालिहाल्छन्। केही नेताले त यस्तो विकासविरोधी क्रियाकलाप गरेर आफ्नो भोट बैंक सुरक्षित गरेको डिङसमेत हाँक्छन्। हुँदा खाँदाको शहरलाई कुरूप बनाउने अनि स्मार्टसिटीको गफ हाँक्नेहरूलाई त झ्याम्म गालामा हानिदिउँ जस्तो पो लाग्छ। वीरगंजको सडक फराकिलो पार्ने कुरा एकादेशको कथा जस्तै आमजनतालाई झुक्याउने एउटा खेल मात्र बनेको छ। तर पनि सडक फराकिलो गर्ने हल्ला चल्ने बित्तिकै बेसरोकारवालाहरूलाई लकवा मारेको देख्दा म छक्क पर्छु। भनिन्छ, नेपाल सरकारले होइन प्राकृतिक विपदाले मात्र वीरगंजको मेनरोड स्तरीय बनाउन सकिन्छ। हामी चाहन्छौं त्यस्तो नहोस्, सरकारकै चेत खुलोस्।

**जनगणना**

'मेरो जनगणना मेरो सहभागिता' भन्दै अस्ति बिहीवार राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो पारिवारिक विवरण टिपाएर विधिवत्रूपमा १२औं राष्ट्रिय जनगणनाको शुभारम्भ गरिन्। तर हाल भारतको कब्जामा रहेको नेपाली भूभाग लिपुलेक, लिम्पियाधुरा र कालापानीमा भारतले अत्यधिक सङ्ख्यामा फौज राखेर त्यस क्षेत्रको जनगणना गर्न नदिने भएको छ। त्यस्तै, अहिले त्यस क्षेत्रका नेपालीहरू अघोषितरूपमा भारतको बन्दी जीवन बिताउन बाध्य छन्। आफ्नै भूभागमा पस्न नसक्ने लाचार सरकारले अन्ततः त्यस क्षेत्रमा ड्रोन उडाएर जनगणना गर्ने निधो गऱ्यो। भारतको यस्तै रवैयालाई कहीं नभएको जात्रा हाडी गाउँमा भनिन्छ।

अर्कोतिर केही समयअघिदेखि भारतले दार्चुलालगायत केही अन्य नेपाली भूभागमा हेलिकाप्टरले गोलचक्कर लगाउने, नेपालको भित्री भागसम्म ड्रोन उडाएर फोटो खिच्ने तथा भारतीय सुरक्षाकर्मीहरूले नेपाली जग्गा फित्ताले नाप्न थालेका छन्। सङ्घीयताको उपहार हो प्रदेश। तर यस्ता मामिलामा प्रदेश सरकारहरू चुइँक्क नबोल्ने, केन्द्र सरकारको मुख ताक्ने गरेका छन्।

अर्कोतिर चीनले हालसालै करीब दुई हजार सेनाको बलमा अरुणाचल प्रदेशमा भारतको भूभाग कब्जा गरी रातारात एउटा ठूलो बस्ती बसालिदियो। भनिन्छ, भारतीय भूभाग कब्जा गरी बसालिएको यो बस्तीमा नागरिकको भेषमा चिनियाँ सेना छन्। भारतले यो कुरा राष्ट्रसङ्घमा उठाउने भएको छ। 'जैसेको तैसा मिला' अथवा 'शेरको सवा शेर' शायद यस्तै हो।

**नाङ्गो बादशाह**

हामीले नाङ्गो बादशाहको कथा त स्कूले जीवनमा पढेका थियौं। नागाबाबा जस्तो नाङ्गा नेताहरूको त नेपालमा जगजगी नै छ।

अचेल त सर्वोच्च न्यायालयको समेत चीरहरण गरेर नाङ्गेझार पारिएको छ। न्यायालयमा मुक्कामुक्की, ग्याङ फाइट, प्रहरी हस्तक्षेप, नाराबाजी, कालोपट्टी, बहिष्कार आम भएको छ। न्यायालय परिसर अचेल हाउडे विद्यार्थी पढ्ने कलेजमा परिणत भएको छ। प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरालाई नाङ्गो पारिएको छ। तर पनि उनी बादशाहझैं आफ्नो लाज ढाकिएको महसूस गर्दैछन्। खोइ कसलाई धिक्कार भन्ने मैले भेउ नै पाइनँ।

पूर्वराजा ज्ञानेन्द्रले अक्षम भन्दै बर्खास्त गरेका देउवालाई पाँच दलले भगवान् बनाएको देख्दा आमजनता छक्क छन्। झन् त्यसमाथि उनलाई लगाम लगाउन (संवैधानिक व्यवस्था नभए पनि) आमनिर्वाचनमा पराजित रामचन्द्र पौडेललाई कुन्नि के जाती संयन्त्रको प्रमुख बनाएर झन् जगहसाइँ गरिएको छ रे। महाभारतमा अर्जुनको सारथि बनेका कृष्णको त स्वार्थ थियो भने प्रचण्ड, माधव, देउवा, मधेसी दल र रामचन्द्रहरूको स्वार्थको त कुरै नगरौं। छद्म भेषमा एकअर्कालाई पाखा लगाउन यिनीहरू खप्पिस मानिन्छन्।

दुई तिहाइको सरकारबाट विपक्षी बनेको ओलीको हबिगत छवटै प्रदेशमा देखिहाल्यौं। अब यी पाँच पाण्डवको हबिगत पनि ओपन सिक्रेट जस्तै त हो नि। जडचाहालाई जाँड लाग्दा मनलाग्दी बोलेझैं चुनाव लागेका यिनीहरू पनि जथाभावी बर्बराउँदै छन्।

## औषधि परीक्षण..........

परीक्षण गरिएका मुसाहरूबाट प्राप्त हुन्छ, त्यही नतीजा मानिसहरूमा देखिन्छ भन्ने हुँदैन। त्यस कारण मुसाहरूमा गरिने अनुसन्धान अन्तिम नभएर अन्य जनावर र मानिसहरूमा पनि परीक्षण गरिने गरिन्छ। जुनसुकै जनावरहरूमा पहिले औषधिहरूको प्रभावकारिता परीक्षण गरे तापनि मानिसहरूमा जहिले पनि अन्त्यमा गरिन्छ। मानिसहरूको समूहलाई आवश्यक मात्रामा रकम भुक्तानी गरी उनीहरूको स्वीकृति लिएपछि मात्र औषधिहरूको परीक्षण हुन्छ। यदि सानो मानिसहरूको समूहमा नतीजा लाभदायी भएमा त्यसपछि ठूलो मानिसहरूको समूहमा औषधि परीक्षणको थालनी गरिन्छ।

सो समूहमा गरिएको परीक्षणबाट कुनै ठूलोरूपमा नकारात्मक असर देखिएन भने पछि मात्र परीक्षण गरिएको औषधि कम्पनीमार्फत विश्व बजारको मागको आधारमा उत्पादन गरिन्छ। यसरी बजारमा उपलब्ध भएका औषधि सबै बिरामीलाई फाइदाजनक हुन्छ भन्ने किटान गर्न सकिंदैन। किनकि मानिसहरू पनि एकापसमा शारीरिक, आणुवांशिकरूपमा भिन्न नै हुन्छन्। तर समष्टिगतरूपले भन्नुपर्दा प्रायःजसो बिरामीहरूलाई लाभदायक नै ठहर हुन्छ। यसरी सबै तहको परीक्षण र पर्याप्त अनुसन्धान गरिए तापनि उत्पादित औषधिहरूका केही न केही नकारात्मक असर हुने हुन्छन्, जुन रोगको उपचारमा पुऱ्याउने मदतको दाँजोमा ज्यादै कम हुन्छ।

- डा डिगेन्द्र खड्का
वरिष्ठ वैज्ञानिक अधिकृत
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)
deegendrakhadka@gmail.com

## गजल

- वैद्यनाथ श्रमजीवी

सुनको दिन एक उदाएको छैन अझै
शोषक सामन्त अस्ताएको छैन अझै

मजाले चलेको छ परम्परा विभेदको
अन्धविश्वास रुढी हटाएको छैन अझै

सत्ताले ठग्दैछ जनता लाखौं करोडौं
शोषण उत्पीडन बिलाएको छैन अझै

हिमाल पहाड तराईको एकता निलेर
संसदीय व्यवस्था अघाएको छैन अझै

धनी भए भोकको राजनीति गर्नेहरू
गरीबहरू पेटभरि खाएको छैन अझै ॥

भ्रष्टाचारीहरू महान् बनेका छन् यहाँ
निमुखाहरूले न्याय पाएको छैन अझै

कैद छन् महल दरबारमा सुख–समृद्धि
झुपडीमा खुशियाली छाएको छैन अझै।

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिकी पत्रकारलाई म्यानमामा ११ वर्ष जेल सजायको फैसला

याङ्गुन, २६ कात्तिक/एएफपी

म्यानमाको जुन्ता अदालतले शुक्रवार



अमेरिकी पत्रकार ड्यानी फेन्स्टर । तस्वीरः एपी

एक अमेरिकी पत्रकारलाई एघार वर्षको जेलसजाय सुनाएको छ । उनका वकीलहरूले गैरकानूनी सङ्गत, सेनाविरुद्ध उक्साउने र भिसा नियम उल्लङ्घन गरेकोलगायतका आरोपमा दोषी ठहर गर्दै उनलाई जेलसजायको फैसला सुनाएको जानकारी दिएका छन् ।

सेनाले गत फेब्रुअरीमा 'कू' गरी सत्ता लिएपछि प्रेसलाई पनि नियन्त्रणमा लिएको छ । सैन्य कूविरुद्ध प्रदर्शन र आलोचना गर्ने दर्जनौं पत्रकारलाई सैनिक सरकारले गिरफ्तार गरेको छ। स्थानीय अनुगमन समूहका अनुसार सैन्य कूको विरोधमा भएको प्रदर्शनको क्रममा १२ सयभन्दा बढी व्यक्तिहरू मारिएका थिए भने, हजारौं पक्राउ परेका थिए ।

करीब एक वर्षदेखि स्थानीय 'आउटलेट फ्रन्टियर म्यानमा'का लागि काम गरिरहेका ड्यानी फेन्स्टर आफ्नो परिवारलाई भेट्न देश छोड्न खोज्दा मे महीनामा पक्राउ परेका थिए। उनलाई अन्य नागरिकलाई उक्साउने, गैरकानूनीरूपमा भिसा नियम उल्लङ्घन गरेकोलगायतका आरोपमा एघार वर्षको जेलसजाय सुनाइएको उनका वकील थान जाव आङले एएफपीलाई जानकारी दिए।

उनको मुद्दा पुनरावेदन गर्ने कि नगर्ने भन्नेबारेमा निर्णय भइनसकेको ती वकीलले बताए। पक्राउ परेका पत्रकार फेन्स्टरलाई याङ्गुनको इनसेन जेलमा राखिएको छ । उनलाई देशद्रोह र आतङ्कवादको आरोप पनि लगाइएको छ। उनलाई आजीवन जेलसजाय दिन सक्ने पनि अनुमान गरिएको छ । फ्रन्टियर म्यानमाले प्रकाशित गरेको विज्ञप्तिमा अदालतको फैसलाबाट आफूहरू सबैजना निराश भएको र ड्यानीलाई रिहा गरिएको हेर्न चाहेको उल्लेख गरिएको छ। रासस

# टर्कीमा कोरोनाको सङ्क्रमण झन् बढ्यो

अङ्कारा, २६ कात्तिक/सिन्ह्वा

टर्कीमा कोरोना भाइरसको सङ्क्रमण झन् बढेको छ। पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण बढेको अधिकारीहरूले जनाएका छन् । अधिकारीहरूका अनुसार यहाँ पछिल्लो समयमा मृत्युदर पनि बढेको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा यहाँ २४ हजार ८९८ जनामा यो सङ्क्रमण देखिएको छ ।

त्यसैगरी, यहाँ गएको २४ घण्टामा मृत्यु हुनेको सङ्ख्या पनि १९७ पुगेको छ। केही समयपछि यहाँ मृत्यु हुनेको सङ्ख्यामा पनि दिन प्रतिदिन वृद्धि हुँदै गएको बताइएको छ । यहाँका अधिकारीहरूले टर्कीमा अहिलेसम्म यो सङ्क्रमणबाट ७२ हजारभन्दा बढीको ज्यान गएको बताएका छन् । टर्कीमा अहिलेसम्ममा ८३ लाखभन्दा बढी व्यक्तिमा यो सङ्क्रमण पुगेको छ ।

पछिल्ला केही हप्तामा युरोपमा यो सङ्क्रमण बढ्दै गएको देखिएको छ । स्वास्थ्य सङ्गठनले पनि युरोप कोरोना भाइरसको पछिल्लो केन्द्र बन्दै गएको



टर्कीमा कोरोना खोप दिनेबारेमा छलफल गर्दै स्वास्थ्यकर्मीहरू । तस्वीरः एजेन्सी

अहिले यहाँ सङ्क्रमणको दर झन् बढेको अधिकारीहरूले जनाएका छन् । विश्व भन्दै सतर्कता अपनाउनका लागि सबैमा अपील पनि गरेको थियो । रासस

# मानवीय सहायताको काममा अवरोध नगर्न राष्ट्रसङ्घको आग्रह

संयुक्त राष्ट्रसङ्घ, २६ कात्तिक/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले मानवीय



प्रवक्ता डुजारिक र इनसेटमा इथियोपियामा रोकिएका ट्रकहरू । तस्वीरः एपी

सहायतासम्बन्धी काममा अवरोध नगर्न आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घले इथियोपियालाई यो आग्रह गरेको हो ।

इथियोपियाको टिग्रेमा मानवीय सहायताका लागि पठाइएका कम्तीमा पनि ७० वटा ट्रक इथियोपियाको सरकारी सुरक्षा निकायहरूले नै नियन्त्रणमा लिएको जनाएको थियो ।

ती ट्रकहरू र ट्रकचालक तथा अन्य कर्मचारीहरूलाई तत्कालै मुक्त गर्न राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटर्रेसका प्रवक्ताले माग गरेका छन् । उनले बिहीवार विज्ञप्ति प्रकाशन गरेर मानवीय सहायता उपलब्ध गराउन गएका सबै सवारीसाधन र कर्मचारीलाई तत्कालै रिहा गर्न माग गरेका हुन् ।

इथियोपियामा पछिल्लो समयमा निकै समस्यामा परेका टिग्रेका नागरिकहरूका लागि आवश्यक खाद्यान्न र औषधि सहयोगस्वरूप त्यहाँ पठाइएको थियो ।

तर त्यहाँको सरकारले नै ती सहायता सामग्रीहरू नियन्त्रणमा लिएको र तिनको पछिल्लो अवस्था के कस्तो छ भन्नेबारेमा केही पनि थाहा हुन नसकेको पनि बताइएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकले बिहीवार एक विज्ञप्तिमार्फत भनेका छन्– यस्तो सहयोगका लागि गएका सहायताकर्मी तथा सवारीसाधनहरू नै सरकारले नियन्त्रणमा लिनु राम्रो नभएकोले तुरुन्त मुक्त गरी सहायता उपलब्ध गराउने वातावरण मिलाउनुपर्छ ।

उनले ती ट्रकहरूको अवस्था के छ र कहाँ राखिएको तथा सवारीचालकहरूको पनि अवस्था के छ भन्नेबारेमा पनि इथियोपियाली सरकारले केही नबताएको जानकारी दिए । उनीहरूको खोजी कार्य जारी रहेको र त्यसका लागि संयुक्त राष्ट्रसङ्घले यहाँको सरकारलाई आग्रह गरेको पनि उनले बताएका छन् ।

इथियोपियाको सो टिग्रे क्षेत्रमा पछिल्लो समयमा हिंसा जारी रहेको छ। जसका कारण लाखौं मानिस खाद्यान्नलगायतको मानवीय सहायताको अभाव रहेको छ । त्यसैले सो क्षेत्रमा संयुक्त राष्ट्रसङ्घले सहायता पठाएको थियो । रासस


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# आमोदेवीमाई मेला आयोजक समिति गठन

प्रस, बिरुवागुठी, २६ कात्तिक/

कात्तिक पूर्णिमाको दिन लाग्दै आएको आमोदेवीमाई मेलाको लागि मेला आयोजक समिति गठन भएको छ।

आमोदेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष दिलीप चौधरीको अध्यक्षतामा बसेको बैठकले रामचन्द्रदास थारूको अध्यक्षतामा १३ सदस्यीय मेला आयोजक समिति गठन गरेको छ । समितिको सहसंयोजक रोशनराज चौधरी, सचिव भीमप्रसाद आचार्य, सहसचिव विदुर उप्रेती, कोषाध्यक्ष रिकेश साह, सदस्य विक्रम कार्कीलगायत छन् ।

यसैगरी, शिववचन दास थारूको संयोजकत्वमा तीन सदस्यीय जग्गा व्यवस्थापन समिति गठन भएको छ । प्रेम साह कानूको संयोजकत्वमा चार सदस्यीय मेला सुरक्षा समिति गठन गरिएको अध्यक्ष थारूले बताए ।




कात्तिक पूर्णिमाको दिन मङ्सिर २ र ३ गते पर्साको आमोदेवी, कोइलाभार, बाघमोर्चा, गादी, सुगीभारलगायतका स्थानमा मेला लाग्ने गर्दछ ।

धार्मिक मान्यता अनुसार सातजना देवी दिदीबहिनीको सातै धार्मिकस्थलमा मङ्सिर २ गते बिहीवार मेला लाग्ने र ३ गते शुक्रवार बिहानैदेखि बलि दिने प्रथा चलिआएको छ ।

# चोरीको मोबाइलसहित एकजना पक्राउ

प्रस, वीरगंज, २६ कात्तिक/

पर्सा प्रहरीले मोबाइल चोरहरूमाथि निगरानी बढाएको छ। यसै क्रममा पर्सा प्रहरीले हिजो एकजना भारतीय चोरलाई बिहीवार दिउँसो वीरगंजको शङ्कराचार्य गेटनजीकबाट समातेको छ। प्रहरीले चोरी तथा डाँका मुद्दाको क्रममा अनुसन्धान गर्न भारत, बिहार, रक्सौल–२३ का २० वर्षीय नीरजकुमार यादवलाई नियन्त्रणमा लिएको छ। उनीमाथि चोरी तथा डाँका मुद्दामा सात दिन म्याद थप गरी अनुसन्धान भइरहेको जनाइएको छ । उनको साथबाट ओपो, सामसङ, पोको र रेडमीको गरी चार थान मोबाइल बरामद भएको थियो ।

**प्रहरीको टाउको दुखाइ मोटरसाइकल र मोबाइल चोरी**

दैनिक दर्जनौं उजूरीमध्ये अधिकांश मोबाइल र मोटरसाइकल चोरीका हुन्छन् । कतिजनाले मोबाइल चोरी भएको घटनामा प्रहरीबाट न्याय नपाउँदा प्रहरीमा धाउँदाधाउँदा आफ्नो उजूरी बिर्सन्छन् । पछिल्लो समय उजूरी दिन पनि छाडेका पीडितहरूले केही महीनादेखि मोटरसाइकल र मोबाइल चोरीको उजूरी दिन शुरू गरेका छन् ।

पछिल्लो समय मोबाइल र मोटरसाइकल चोरीको घटनामा प्रहरी गम्भीर बन्न थालेको बताइएको छ । पर्सा प्रहरीका अधिकारीका अनुसार यी दुवै वस्तु चोरी गरेर चोरहरू भारत पस्ने र चोरीको सामान नेपालबाट भारत र भारतबाट चोरी गरिएको सामान नेपालमा बिक्री गर्ने परिपाटीले दुवै देशका सुरक्षा निकायमाथि चुनौती थपिएको छ ।

गत चैत १ गते वीरगंज–२३ प्रसौनीबिर्ता बस्ने साहेबप्रसाद साहको घण्टाघरमा सञ्चालनमा रहेको रेयान्स रौनक ट्रेडर्स (मोबाइलपसल)मा बिहान करीब ३ बजेको समयमा चोरी भएको थियो। त्यस बेला करीब साढे १० लाख मूल्यबराबरका मोबाइलहरू चोरी भएको थियो ।



आगलागीमा जलेर नष्ट भएको मोटरसाइकल । तस्वीरः प्रतीक

# आगलागीबाट दुईवटा खपडाको घर नष्ट

सुग्रीव साह, भिस्वा, २६ कात्तिक/

छिपहरमाई गाउँपालिका–५ भिस्वामा शुक्रवार बिहान पौने आठ बजे आगलागी भएर खपडाको घर, चौपाया तथा मोटरसाइकल जलेर नष्ट भएका छन् ।

लामखुट्टे धपाउनका लागि राति बालिएको घुरबाट बिहान आगलागी भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

स्थानीय शत्रुघ्न तिवारीको खपडाका दुईवटा घरमा आगलागी भएको र भारतीय नम्बरको मोटरसाइकल, चारवटा खसी र बाख्रा, रु २० हजार नगद, खाद्यान्न, लत्ताकपडा सबै जलेर नष्ट भएको बताइएको छ । तिवारी परिवार बिहान खेतमा गएको बेला सो घटना भएको र स्थानीय तथा सुरक्षाकर्मीहरूले आगलागी नियन्त्रणमा सहयोग पुऱ्याएका थिए ।

# पर्सा काङ्ग्रेसको अधिवेशन स्थगित

प्रस, वीरगंज, २६ कात्तिक/

नेपाली काङ्ग्रेस, पर्साको गाउँ, नगर, वडाको अधिवेशन स्थगित भएको छ । जिल्ला निर्वाचन अधिकृत अधिवक्ता नरेन्द्रकुमार केसीले विज्ञप्ति जारी गरी कात्तिक २७ गते आइतवारदेखि हुने घोषणा गरिएको गाउँ, नगर, वडा अधिवेशन प्राविधिक कारणले स्थगित गर्नुपरेको र अर्को सूचना जारी नहुन्जेलसम्म हाललाई स्थगित गरिएको बताएका छन् ।

प्रदेश २ को आठवटा जिल्लामा आइतवार कात्तिक २७ गतेदेखि नेकाको अधिवेशन तोकिएको थियो ।

## बारा र पर्सा.............

बन्दै गएको दाबी गरे ।

*प्रस, वीरगंज/*

पोखरिया नगरपालिका–५ सतवरियामा शुक्रवार दुई समूहबीच झडप हुँदा दर्जनौं मानिस घाइते भएका छन् । घाइतेहरूको उपचार पोखरिया अस्पतालमा भइरहेको छ ।

सतवरिया टोल अन्तर्गत दक्षिण टोल र उत्तर टोलका स्थानीयबीच आज दिउँसो झडप हुँदा उत्तर टोलतर्फबाट प्रदीप राम, रामजी राम, जीतेन्द्र राम तथा दक्षिण टोलका सुरज राम, सुनीता देवी, राजेन्द्र रामलगायत घाइते भएका छन्। अन्य सामान्य घाइते उपचारपछि घर फर्केको प्रहरीले जनाएको छ ।

गएराति छठको अवसरमा भएको नाचगानको क्रममा विवाद भएको थियो। सोही विषयलाई लिएर आज दिउँसो सो वडाका बासिन्दाबीच झडप भएको इलाका प्रहरी कार्यालय, पोखरियाले जनाएको छ ।

## पर्साको जनगणनामा......

जात, धर्म, संस्कृति, शैक्षिक विवरण, आर्थिक गतिविधि, मृत्युसँग सम्बन्धित विवरण सङ्कलन शुरू गरिरहेको जिल्ला जनगणना प्रमुख ज्ञवालीले जनाए ।

पर्सामा, यसअघि १ सय ४२ जना सुपरीवेक्षकले सूचीकरण गरेको १ लाख १८ हजार ५ सय १५ घरधुरीमध्ये ९३ हजार १ सय ४० घरमा मानिस बस्ने गरेको र ती घरका १ लाख ६ सय २१ परिवारको गणना हुने प्रमुख ज्ञवालीले स्पष्ट पारे ।


**वीरगंज महानगरपालिकाको लोककल्याणकारी सूचना**

बालबालिका भविष्य हुन् । आजको लगानी भोलिको लागि सबै बालबालिकालाई विद्यालय पुऱ्याऊ, बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन र टिकाउनका लागि राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरू, स्थानीय सञ्चारमाध्यम सबै सहभागी बनौं ।


# सहकारीको साधारणसभा सम्पन्न

प्रस, पर्सागढी, २६ कात्तिक/

मर्यादित व्यवसाय र प्रविधिमा सहकारी मूल नारासहित सहयात्री बचत तथा ऋण सहकारी संस्थाको १४ औं वार्षिक सधारणसभा सम्पन्न भएको छ। पर्सागढी नगरपालिकाका नगरप्रमुख लोकनारायणको प्रमुख आतिथ्य र गोमाकुमारी उप्रेतिको अध्यक्षतामा सम्पन्न साधारणमा संस्थाका कोषाध्यक्ष रामाश्रयसाह कानुले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा दैनिक बचत जमा गर्ने, स्थानीय समाजसेवी राजकुमार गुरूङ, रुक्मिणी पौडेल, भगवति कुमार, सञ्चारकर्मी कविता खड्कालगायतलाई सम्मानित गरिएको थियो ।

कार्यक्रमको स्वागत शिवनाथ यादवले गरेका थिए भने कार्यक्रमको सहजीकरण संस्थाका व्यवस्थापक वीरेन्द्रराज कँडेलले गरेका थिए ।

# उदाउँदो सूर्यको पूजा गरी छठ पर्व सकियो

प्रस, वीरगंज, २६ कात्तिक/

उदाउँदो सूर्यलाई अर्घ्य दिएर यस वर्षको छठ पूजा विधिवत्‌रूपमा सम्पन्न भएको छ। वीरगंज महानगरपालिकाको घडीअर्वा पोखरी, छपकैया, बजार छपकैया, नगवा, इनर्वा, भिस्वा, मुर्ली, रानीघाट, पानीटङ्की, राधेमाई र श्रीसिया नदीको वरिपरिका क्षेत्रका साथै जिल्लाभरिका नदी, पोखरी, तलावहरूमा छठ पूजा धूमधामका साथ आयोजना गरिएको थियो ।

यसपटक वीरगंजको घडीअर्वा पोखरीमा पूर्वयुवराज्ञी हिमानी शाह छठ पूजा गर्न आएको कारण यो ठाउँको छठ पूजा विशेष चर्चाको विषय बन्यो । हिमानी शाह बुधवार साँझियाघाट अर्थात् अस्ताउँदो सूर्यको पूजा गर्ने बेला सो पोखरीमा पुगेकी थिइन् । उनको आगमनपछि सो स्थानमा भीड बढेको थियो ।



छठ पूजा गर्दै पूर्वयुवराज्ञी हिमानी शाह । तस्वीरः प्रतीक

यत्तिकै पनि घडीअर्वामा मानिसहरूको भीड बढी हुने र व्यवस्थापनमा समस्या पर्ने गरेकोमा पूर्वयुवराज्ञीको आगमनले भीड झनै बढाएको थियो । उनको आगमनसँगै २०४७ सालको संविधान पुनर्स्थापना अभियानको तर्फबाट पूर्व राजा, रानी र युवराज्ञीको प्रचार सामग्री हेलिकोप्टरबाट छरिएको थियो । पूर्व युवराज्ञी शाह बिहीवार गहवामाई मन्दिरमा विशेष पूजा गरेर काठमाडौं फर्किएकी थिइन् ।

# रूँगटा वेलफेयर सोसाइटीद्वारा छठ व्रतालुलाई सहयोग



साडी वितरण गर्दै उद्योगी रुँगटा र वडाध्यक्ष कलवार । तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २६ कात्तिक/

रूँगटा वेलफेयर सोसाइटीले यसपालिको छठ पर्वमा पनि गरीब, असहाय तथा विपन्न परिवारका छठ व्रतालुलाई सहयोग गरेको छ ।

खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेको सोसाइटीका कोषाध्यक्ष तथा वीरगंजका उद्योगी सुरेश रूँगटाले जानकारी गराए ।

उनका अनुसार यस वर्षको छठ पर्वमा वीरगंज कारागारका महिला कैदीबन्दी, मनियारी, परवानीपुर लिपनी, चैनपुरबिर्ता, ग्रीनसिटी वीरगंज, श्रीपुर, भवानीपुरलगायतका करीब एक हजार आठ सय ५० जना गरीब, विपन्न व्रतालुलाई जनही एक/एक थान साडी र ठेकुवा पकाउन पाँच किलोको पीठोको प्याकेट सहयोग गरिएको उनले बताए ।

त्यस्तै, बाराको परवानीपुर वडा नं ५ का अध्यक्ष रामेश्वर कलवारले पनि छठ पर्वको अवसरमा गत मङ्गलवार रसियाव रोटीका दिन बहुअरी टोलका ८५ जना एकल महिलालाई एक/एक थान साडी बाँडेका थिए । उनले पनि हरेक वर्षझैं निजी कोषबाट खर्च हुने गरी करीब एक लाख मूल्यबराबरको साडी यसपालि बाँडेको बताए ।

# छठको पारणको दिन माईस्थानमा फूड फेस्टिभल सम्पन्न

प्रस, परवानीपुर, २६ कात्तिक/

छठको पारणको दिन अर्थात् बिहीवार साँझ वीरगंजमा फूड फेस्टिभल सम्पन्न भएको छ । दीपावली र छठ पर्वको अवसरमा केही वर्षदेखि माईस्थान र गीता मन्दिरलाई झकिझकाउरूपले सजाउँदै आएको स्प्रीट क्लबको आयोजनामा फूड फेस्टिभल र सांस्कृतिक कार्यक्रम सम्पन्न भएको क्लबका अध्यक्ष रोशन गुप्ताले जानकारी गराए ।



तस्वीरः प्रतीक

छठको पारणको दिन घरपरिवारसँग सडकमैं खाऔं र सडकमैं रमाऔं भन्ने उद्देश्यका साथ यस्तो कार्यक्रम आयोजना गरेको उनको भनाइ थियो । कार्यक्रममा स्थानीय कलाकारहरूले आफ्नो प्रस्तुति देखाएका थिए ।

कार्यक्रममा कलाकार अजमत अलि, सदाब हुसैन, प्रभात यादव, सान्चे मगर, मनीष कर्ण, राजन ठाकुर, दिवस सर्राफ, सुनील श्रीवास्तव, नारायणी डान्स एकेडेमी, सिटी डान्स एकेडेमी, प्रतिविम्ब ब्यान्ड, द इनलाइट ब्यान्डलगायतले आआफ्नो प्रस्तुति दिएका थिए ।

नेपाली काङ्ग्रेस पर्साका सभापति अजयकुमार द्विवेदीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल, पर्साका प्रउ बेलबहादुर पाण्डे, पर्साका सशस्त्र उपरीक्षक राजेन्द्र खड्का, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव दीपेन्द्र चौहान, आदर्शनगर ग्रीनसिटीका अध्यक्ष जयप्रकाश खेतान, व्यवयस्थित वीरगंजका अध्यक्ष दिलीपराज कार्कीलगायतको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण रियान कायस्थ र जीया मिश्रले गरेका थिए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# थारू आयोगद्वारा जनगणनासम्बन्धी अन्तर्क्रिया

प्रस, सेढवा, २६ कात्तिक/

थारू आयोगले जनगणना २०७८ भाषा तथा समावेशिताको सवालमा अन्तर्क्रिया कार्यक्रम शुक्रवार पर्सागढी नगरपालिकामा सम्पन्न गरेको छ ।



तस्वीरः प्रतीक

वडा नं २ बागवानामा भएको कार्यक्रममा थारू समुदायले समावेशिताको हक सुनिश्चितताका लागि आफ्नो भाषा तथा पहिचानसहित गणनामा सहभागी हुन आग्रह गरेका थिए ।

कार्यक्रममा सहभागीहरूले थर जे भएपनि अन्तिममा थारू, भाषामा थारू तथा पुर्खावली भाषामा अनिवार्य थारू उल्लेख गरे थारू समुदायको यथार्थ जनसङ्ख्या आउने र सोही अनुसार राज्यले जनसङ्ख्याको आधारमा अधिकार दिने बताएका थिए । थारू कल्याणकारिणी समिति पर्साका कार्यवाहक अध्यक्ष रामेश्वर महतो थारूको अध्यक्षता तथा थारू आयोगका सदस्य शान्ति मोदी थारूको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा थारू समुदायका जनप्रतिनिधि, सङ्घसंस्थाका सदस्यहरूको सहभागिता थियो ।

# खेलकूदको संसार

## दुई दिने कुश्ती प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, २६ कात्तिक/

वीरगंज महानगरपालिका–१६ इनर्वामा विराट (दङ्गल) कुश्ती प्रतियोगिता सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

मदन यादवको अध्यक्षतामा भएको कुश्ती प्रतियोगिताको बिहीवार सांसद प्रदीप यादवले उद्घाटन गरेका थिए । उद्घाटन सत्रमा प्रदेशसभा सदस्य जन्नत अन्सारी, जिसस पर्साका सभापति नेकमहम्मद अन्सारी, लोसपाका नेता राजेशमान सिंह, प्रेमबाबू पटेल, जसपा वीरगंज महानगरका अध्यक्ष ईश्वरचन्द्र यादवलगायतको सहभागिता थियो ।

छठ पूजाको अवसरमा प्रत्येक वर्ष इनर्वामा विशाल दङ्गल कुश्ती प्रतियोगिता हुँदै आएको छ । दुई दिने कुश्ती प्रतियोगितामा ५० जना महिलासहित करीब तीन सय जोडीले कुश्ती लडेका थिए ।

नेपाल–भारतका चर्चित पहलमानहरू कुश्तीमा सहभागी थिए । ठूलो सङ्ख्यामा मानिसहरू कुश्ती प्रतियोगिता हेर्न ओर्लिएका थिए । सीमावर्ती क्षेत्रमा भएको कारण भारतीय दर्शकहरूको पनि उल्लेख्य उपस्थिति थियो ।

**वसन्त थापाले जिते सबैको मन**

दङ्गलमा नेपालका चर्चित पहलमान वसन्त थापाले दुई जोड कुश्ती लडेर दुवैमा जीत निकालेर खेलप्रेमीको मन जितेका थिए । लडाइँमा बाजी मार्ने पहलमानहरूले गम्छामा खेलप्रेमीबाट नगदको रूपमा दिइने रु १० देखि ५ हजारसम्म पुरस्कार थापेका थिए ।

दङ्गलमा नेपालको पर्सा, बारा, प्रदेश २, नवलपरासी, रूपन्देही, भारत बिहार, उत्तर प्रदेश, गोरखपुर, कानपुर, गाजियाबाद, दिल्ली, पञ्जाब, हरियाणा, जम्मु–काश्मीरलगायत ठाउँबाट उल्लेख्य मात्रामा पहलमानहरूको सहभागिता थियो । दुई दिने दङ्गलमा करीब सयभन्दा बढी जोड कुश्ती भएको थियो । अधिकांश कुश्तीको जोडको लडाइँ बराबरीमा टुङ्गिएको थियो ।

# महाधिवेशन प्रतिनिधि बनाएको विरोधमा आमरण अनशन

प्रस, वीरगज, २६ कात्तिक/

नेकपा एमालेको १०औं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि छनोटमा अनियमितता गरेको भन्दै सो सच्याउन माग राखी सदस्य शिवजी गुप्ता शुक्रवारदेखि आमरण अनशनमा बसेका छन् ।




आमरण अनशनमा बस्दै शिवजी गुप्ता । तस्वीरः प्रतीक

एमाले पार्टी कार्यालयअगाडि आमरण अनशनमा बसेका गुप्ताले निर्वाचन समितिले गरेको गलती नसच्याएसम्म अनशन जारी रहने उनले बताए । नियमविपरीत बसरुद्दीन अन्सारीलाई महाधिवेशन प्रतिनिधि बनाएको भन्दै गुप्ताले आफू अनशनमा बसेको बताए । पार्टी विधानमा कम्तीमा १० वर्ष साधारण सदस्य भएको र दलित, महिला, अल्पसङ्ख्यकको हकमा सात वर्ष सदस्य भएको व्यक्ति मात्र महाधिवेशन प्रतिनिधि हुन पाउने व्यवस्था छ । अन्सारी २०७५ जेठ ३ गतेपछि नेकपा एमालेमा प्रवेश गरेको र उनलाई महाधिवेशन प्रतिनिधि बनाइएकोमा गुप्ताले आपत्ति जनाए ।

निर्वाचन अधिकृत शिवनाथ चौधरीसँग बुझ्दा सबै प्रमाण केन्द्रमा पठाएको र माथिको आदेश अनुसार आफूले आज साँझसम्म बोल्ने बताए ।

पर्साका चार निर्वाचन क्षेत्रबाट निर्वाचित हुने १४ जना र दलितको एक भौगोलिक क्षेत्रबाट निर्वाचित हुने दुईजना गरी १६ जना प्रतिनिधि छनोटका लागि ६४ जनाको उम्मेदवारी छ ।

- जनगणनामा स्वयम् सहभागी भएमात्र गणना पूर्ण हुन्छ ।
- सबैले घरमा आउने गणकलाई सहयोग गरौं ।
- आफ्नो तथा परिवारका व्यक्तिहरूको विवरण टिपाऔं ।
- आफ्नो नाता, कुटुम्ब, साथीभाइ, छरछिमेकी र चिनेजानेका सबैलाई जनगणनामा सहभागी हुन प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड